जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
# जनकपुर टुडे
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १ • २०८३ साल जेठ ७ गते बिहीबार (21 May, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।–

## प्रकाशकीय

### २८ औं वार्षिकोत्सव वर्षमा प्रवेश

मधेश प्रदेशको राजधानी सांस्कृतिक एवं धार्मिक नगरी जनकपुरधामबाट प्रकाशित भइरहेको राष्ट्रिय 'क' वर्गको जनकपुर टुडे पत्रिकाले सफलतापूर्वक २७ वर्ष पूरागरी आजदेखि २८ औं वर्षमा प्रवेश गरेको खुशी साझा गर्न पाउँदा हामी अत्यन्त गौरवान्वित छौ ।'१०×१५' साईजको 'श्वेत श्याम' बाट प्रकाशन प्रारम्भ भएको जनकपुर टुडे अहिले झण्डै एक दशकदेखि ब्रोडसिट आकारमा प्रकाशन भइरहेको छ ।नेपालको तराई/मधेशबाट राष्ट्रिय 'क' वर्गको पहिलो दैनिक पत्रिका जनकपुर टुडेले आफ्नो यात्रामा निष्पक्षता, तटस्थता र स्वतन्त्रतालाई मूल आधार मानेको छ ।जनकपुर टुडेले प्रारम्भमा भोगेको समस्याहरुभन्दा हाल कठिन समस्याको सामना गर्नु परिरहेको छ ।देशमा मतपत्रबाट आमूल राजनीतिक परिवर्तन भएको छ ।राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाह(बालेन)को नेतृत्वमा गठन भएको झण्डै दुई तिहाई बहुमतको सरकारले लामो समयदेखि परिवर्तनको पर्खाइमा रहेका नेपालीलाई समग्र क्षेत्रमा विकासको लहर आउने अपेक्षा गरिएको थियो ।त्यस अनुसारको कतिपय सकारात्मक कार्यहरु भइरहेको छ ।नयाँ सरकारले निजी क्षेत्रको सञ्चार माध्यमहरुलाई सुकाउनेगरी निर्णय गरेको छ ।नेपालमा निजी क्षेत्रको सञ्चार माध्यम सरकारी सञ्चार माध्यमको भन्दा कमजोर छैन् ।सम्पूर्ण सरकारी लगानीमा सञ्चालन भइरहेको सञ्चार माध्यमहरुलाई सरकारले प्रतिस्पर्धी बनाउन आवश्यक छ ।निजी क्षेत्रको सञ्चार माध्यमहरुलाई विगतमा दिदै आएको सुविधालाई सरकारले हनन गर्नु हुँदैन् ।रास्वपाका धेरै युवा नेता र सांसदहरुले मिडियालाई नजिकबाट बुझेका छन् ।उनीहरुले मिडियालाई धराशायी बनाउने सरकारी निर्णयलाई सच्याउन सकारात्मक भूमिका निर्वाह गर्नेमा हामी आशावादी छौ ।सञ्चार क्षेत्रमा देखिएका बेथितिलाई हटाउन पनि सरकारले पहल गर्नुपर्छ ।सरकारले सञ्चार क्षेत्रको अभिभावकत्व निर्वाह गर्नु पर्छ ।सञ्चार माध्यमले पनि आफ्नो ओजलाई कायम राख्नु पर्छ ।जनकपुर टुडे राष्ट्रिय एकता, अखण्डता र नागरिकप्रतिको जिम्मेवारीलाई इमान्दारीपूर्वक निर्वाह गर्दै आएको छ ।जनकपुर टुडेले नागरिकको सुसूचित हुने अधिकारप्रति सचेत छ ।सूचनामा कसैसित सम्झौता नगर्ने नीतिलाई आगामी दिनमा पनि निरन्तरता दिने हामी प्रण गर्दछौ ।

### मधेशमा कांग्रेसकै सरकार

# 'वाम-डेमोक्रेट' गठबन्धनको गृहकार्यमा कांग्रेस-एमाले-नेकपा

**टुडे समाचारदाता**

जनकपुरधाम। ०८२ फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले संसदमा सानो आकारमा खुम्चिएका नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) बीच सहकार्यका लागि औपचारिक रुपमा गठबन्धन हुने भएको छ।

बालेन्द्र साह नेतृत्वको सरकारका कामकारबाही, संविधान र लोकतान्त्रिक गणतन्त्रको मर्म र भावनाविपरीत हुन थालेको भन्दै सरकार र नेपाली जनतालाई सजग र सतर्क गराउन जरुरी रहेको भन्दै कांग्रेस-एमाले-नेकपा बीच वाम-डेमोक्रेट गठबन्धनको गृहकार्य शुरु भएको छ।



मुलुक र नेपाली जनताको अवस्था जटिल बन्दै गएको भन्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ल्याउन योगदान गरेका दलहरूबीच सहकार्यको आवश्यकता रहेको भन्दै तीन दलबीच बनेको गठबन्धन अनुरुप गृहकार्यस्वरुप नेताहरूबीच लगातार संवाद र छलफललाई तीव्रता दिइएको छ। तीन वटै दलका नेताहरू वाम-डेमोक्रेट गठबन्धन निर्माणका लागि पहल भइरहेको स्वीकारेका छन्।

कांग्रेस, एमाले र नेकपाका शीर्ष नेताहरूबीच औपचारिक/अनौपचारिक भेटघाट र संवादका क्रममा सरकारका ज्यादतीविरुद्ध एक भएर जाने सैद्धान्तिक सहमति जुटे पनि व्यावहारिक रूपमा कसरी जाने भनेर छलफल हुन जरुरी रहेको छ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले जेठ ४ गते बसेको एमाले सचिवालय बैठकमा कांग्रेस र नेकपाका शीर्ष नेताबीचमा कुराकानी भइरहेको ब्रिफिङ गरेका थिए। 'अध्यक्षज्यूले यसबारेमा अस्तिको बैठकमा ब्रिफिङ गर्नुभएको छ,' एमाले सचिव भानुभक्त ढकालले भने, 'पुनः छलफल गरेर निष्कर्षमा पुग्ने शीर्ष तहमा कुराकानी भएको बुझिएको छ।'

उनले सदन र सडकमा लोकतन्त्र र सरकारले गरेको ज्यादतीपूर्ण क्रियाकलापविरुद्ध एकताबद्ध भएर अघि बढ्नुपर्छ भन्ने सैद्धान्तिक सहमतिको बोर्डरलाइन बनेको बताए। यसका लागि कांग्रेस र नेकपाको विश्वास जित्न प्रदेश सरकारको नेतृत्व परिवर्तन गर्न सकिने र सुदूरपश्चिममा नेकपालाई समेत सरकारमा सहभागी गराउने प्रस्ताव अघि सारिएको स्रोतको दाबी छ।

अहिले मधेश प्रदेश बाहेक छ वटै प्रदेशमा कांग्रेस-एमाले गठबन्धनको सरकार छ। उनीहरूले केही प्रदेशमा आलोपालो नेतृत्व गर्ने सहमति गरेका थिए। उक्त सहमतिअनुसार असारसम्ममा प्रदेश सरकारको नेतृत्व परिवर्तन गर्नुपर्नेछ।

हाल कोशी, लुम्बिनी र कर्णालीमा एमाले नेतृत्वमा सरकार छ भने बागमती, मधेश, सुदूरपश्चिम र गण्डकीमा कांग्रेसले सरकारको नेतृत्व गरिरहेको छ। यस्तो अवस्थामा नेकपालाई सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व दिन सकिने एमालेको प्रस्ताव छ भने मधेसमा कांग्रेसकै नेतृत्वको सरकारमा एमाले सहभागी हुने ढंगले छलफल भइरहेको बताइएको छ।

कांग्रेसभित्रको विवाद मिलाउनका लागि संस्थापन पक्षले थालिएको जरा अभियानको क्रममा पार्टी सभापति गगनकुमार थापाले मधेश प्रदेशमा नेपाली कांग्रेस नेतृत्वकै सरकारले निरन्तरता पाउने बताए।

महोत्तरीको बर्दिबासमा बुधबार 'नेपाली कांग्रेस प्रदेश र स्थानीय तह केन्द्रित मधेश प्रदेशस्तरीय भेला' एवं 'जरा अभियान' मा बोल्दै सभापति थापाले मधेश प्रदेश सरकारको नेतृत्वमा नेपाली कांग्रेसले निरन्तरता दिने स्पष्ट पारे।

सभापति थापाले नेपाली कांग्रेस पार्टी र नेताको हरेक गतिविधिलाई सामाजिक आन्दोलनसँग जोडेर अगाडि बढ्न पार्टीपंक्तिलाई निर्देशन दिए।

यसैक्रममा सभापति थापाले कांग्रेस-एमाले-नेकपाबीचको गठबन्धनको बारेमा पनि चर्चा गरे। तर नेकपालाई सातमध्ये कुनै एक प्रदेशको नेतृत्व दिनुपर्ने भएपछि कांग्रेसले अहिले नै गठबन्धनमा भएको प्रस्तावमा कांग्रेस आफ्नो भागका हाल रहेका चार प्रदेशमध्ये एक खोसिन्छ कि भनेर निर्णयमा पुग्न नसकेको बताइन्छ।

सभापति थापाले संविधान र लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ लोकतन्त्रको पक्षमा रहेका शक्तिहरूसँग सहकार्य गर्न कांग्रेस खुला रहेको बताए।

नेकपाले गत चैत १९ मा शुरु भएर वैशाख दोस्रो साता सम्पन्न संयोजन समिति बैठकबाटै लोकतन्त्रको रक्षा र संविधानको रक्षार्थ लोकतान्त्रिक शक्तिसँग सहकार्यमार्फत गरेर अघि बढ्ने निर्णय नै गरिसकेको छ।

नेकपाका प्रवक्ता प्रकाश ज्वालाले नीतिगत रूपमा सहकार्य गर्ने पार्टीको निर्णय भइसकेको भन्दै सहकार्यको पनि पहल भइरहेको बताए।

त्यसका लागि एमाले अध्यक्ष केपी शर्मा ओली, कांग्रेसका सभापति थापा र नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डलगायतका शीषनेताहरुसंग छुट्टाछुट्टै छलफल भइरहेको बताइएको छ।






# जसपा नेपालले चयन गर्न सकेन दलको नेता



**टुडे समाचारदाता**

जनकपुरधाम । एकीकृत जनता समाजवादी पार्टी (जसपा) नेपालको मधेश प्रदेश संसदीय दलको नेता चयन हुन सकेनन् । मुख्यमन्त्री कृष्ण प्रसाद यादवलाई विश्वासको मत दिने बेलामा जसपा नेपालमा दलको नेताका लागि विवाद उत्पन्न भएको थियो ।

तत्कालिन जसपा नेपालका सरोज यादव र तत्कालिन लोसपा नेपालका जितेन्द्र सोनल दुवैले आफू जसपा नेपाल संसदीय दलको नेता रहेको दाबी गर्न थालेपछि विवाद उत्पन्न भएको थियो । जसपा नेपालको विवादकै कारण मुख्यमन्त्री यादवले विश्वासको मत लिन सकेनन् र आउंदो शुक्रवारका लागि मिति तय गरिएको छ ।

जसपा नेपालमा देखिएका संसदीय दलको नेता विवाद समाधान लागि बुधवार दुवै दलका सांसदहरुको बैठक आह्वान गरिएको थियो । तर सो बैठकबाट एकीकृत जसपा नेपालको नयाँ संसदीय दलको नेता चयन हुन सकेको छ ।

दिउंसो १ बजेदेखि ५ बजेसम्म बसेको सो बैठक संसदीय दलको नेता कुन प्रक्रियाले छान्ने विषयमा मात्र छलफल भएको र बिहीवार पुनः बैठक बस्ने गरी बैठक स्थगित भएको बैठकमा सहभागी एक सांसदले जनाएको छ ।

उनका अनुसार आजको बैठकमा दलको नेतामा कसैले पनि आफ्नो दाबी गरेको छैन, सर्वसम्मति वा निर्वाचन कुन प्रक्रियाले चयन गर्ने बारे छलफल मात्र भएको हो । बिहीवार बस्ने बैठकबाट नेता बन्न चाहने इच्छुकहरुले आ आफ्नो दाबी पेश गर्नेछ । शुरुमा सर्वसम्मतिबाट चयन गर्ने प्रयास गरिनेछ नभए निर्वाचनको मतदान प्रक्रियामा जानेछ ।

श्रोतका अनुसार तत्कालिन जसपा नेपालबाट सरोज कुमार यादव, लालबाबु राउत र लोसपा नेपालबाट जितेन्द्र सोनलले आन्तरिक रुपमा दाबी गरिरहेका छन् । जसपा नेपालको नयाँ दलको नेताले नै मधेश सरकार नेतृत्वको नयाँ बाटो कोर्नेछ ।

# मधेशको आर्थिक वृद्धिदर सबैभन्दा कमजोर

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुधाम । चालु आर्थिक वर्ष २०८२/०८३ मा मधेशको अर्थतन्त्र सबैभन्दा कमजोर देखिएको छ । भन्दा बागमती र गण्डकी प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसतभन्दा उच्च हुने देखिएको छ ।





राष्ट्रिय तथ्याङ्क कार्यालय धनुषा जनकपुरधामले सार्वजनिक गरेको प्रादेशिक लेखा तथ्यांक अनुसार मधेशको आर्थिक वृद्धिदर १.३१ प्रतिशत अनुमान गरिएको छ भने बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ५.४० प्रतिशत र गण्डकीको ५.०१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । अन्य प्रदेशहरु कोशी ३.१३ प्रतिशत, लुम्बिनी २.८७ प्रतिशत, कर्णाली २.९४ प्रतिशत र सुदूरपश्चिम ३.२८ प्रतिशत रहने प्रक्षेपण छ ।

राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन वार्षिक वृद्धिदरतर्फ मधेशको ३.८५ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएकोमा बागमती र गण्डकी प्रदेशको राष्ट्रिय वार्षिक वृद्धिदर भन्दा बढी र बाँकी प्रदेशको राष्ट्रिय वार्षिक वृद्धिदर भन्दा कम हुने प्रारम्भिक अनुमान रहेको कार्यालयका प्रमुख तथ्यांक अधिकारी शिवनारायण महतोले जानकारी दिएका छन् ।

गत वर्षको तुलनामा बागमती, कोशी, गण्डकी र सुदूरपश्चिमको आर्थिक वृद्धिदरमा सुधार देखिएको छ भने मधेस र लुम्बिनीमा गिरावट आएको तथ्यांकले देखाएको छ । अर्थतन्त्रको आकारमा पनि बागमती नै अग्रस्थानमा रहेको छ । चालु आव देशको कुल अर्थतन्त्र करिब ६६ खर्ब हुने अनुमान छ, जसमा बागमती प्रदेशले मात्रै २४ खर्ब २३ अर्ब (३६.७ प्रतिशत) हिस्सा ओगट्ने छ ।

कोशीले १५.८ प्रतिशत, लुम्बिनीले १४.२ प्रतिशत, मधेसले १३.१ प्रतिशत, गण्डकीले ९ प्रतिशत, सुदूरपश्चिमले ७ प्रतिशत र कर्णालीले ४.२ प्रतिशत हिस्सा ओगट्ने अनुमान छ ।

प्रतिव्यक्ति आयतर्फ पनि बागमती अग्रस्थानमा रहेको छ । बागमतीमा प्रतिव्यक्ति आय २,६४४ अमेरिकी डलर, गण्डकीमा १,६५१ डलर र मधेसमा सबैभन्दा कम ९३४ डलर रहने अनुमान गरिएको छ । राष्ट्रिय औसत प्रतिव्यक्ति आय १,५१३ डलर रहने प्रक्षेपण छ ।

तथ्यांक अनुसार बागमती बाहेक सबै प्रदेशमा कृषि क्षेत्रको योगदान प्रमुख छ भने बागमतीमा थोक तथा खुद्रा व्यापार क्षेत्र प्रमुख आर्थिक क्रियाकलापको रूपमा रहेको छ । प्रतिवेदन अनुसार मधेश प्रदेशको कमजोर वृद्धिदरको मुख्य कारण कृषिक्षेत्रमा देखिएको संकुचन हो । आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशको कृषिक्षेत्रको वृद्धिदर नै ऋणात्मक रहने अनुमान गरिएको छ ।

कृषि मधेशको अर्थतन्त्रको प्रमुख आधार क्षेत्र भए पनि उत्पादन, मौसमीय जोखिम, सिंचाइ समस्या र बजार व्यवस्थापनको कमजोरीका कारण कृषिमा गिरावट आउने अनुमान गरिएको हो ।

औद्योगिक वर्गीकरणअनुसार मधेश प्रदेशको अर्थतन्त्रमा कृषिको योगदान सबैभन्दा बढी रहेको छ भने दोस्रो ठूलो हिस्सा थोक तथा खुद्रा व्यापार क्षेत्रले ओगटेको देखिन्छ । तर प्रदेशमा खानी तथा उत्खनन क्षेत्रको योगदान सबैभन्दा न्यून रहेको उल्लेख गरिएको छ ।

यद्यपि कृषि क्षेत्रमा आएको गिरावटले समग्र प्रदेशको आर्थिक गतिविधिमा प्रत्यक्ष असर पर्ने देखिएको छ । मधेशको ठूलो जनसंख्या कृषि पेशामा निर्भर रहेकाले कृषिक्षेत्रको ऋणात्मक वृद्धिले रोजगारी, आयआर्जन र उपभोगमा समेत असर पार्ने अर्थविद्हरूको भनाइ छ ।

अर्थविद्हरूले मधेश प्रदेशको आर्थिक वृद्धिदर अत्यन्त न्यून रहनु चिन्ताजनक भएको बताएका छन् । उनीहरूले कृषि आधुनिकीकरण, सिंचाइ विस्तार, बजार पहुँच र औद्योगिक लगानी अभिवृद्धिबिना प्रदेशको अर्थतन्त्र चलायमान बनाउन कठिन हुने बताएका छन् ।

# ऐतिहासिक हाडा छैँ पुनर्निर्माण सम्पन्न

भक्तपुर । यहाँको भक्तपुर नगरपालिका-४ मङ्गलाछैँस्थित ऐतिहासिक हाडा छैँ पुनर्निर्माण सम्पन्न भएको छ ।

लामो समयदेखि जीर्ण रहेको हाडा छैँ भक्तपुर नगरपालिकाको एक करोड ७१ लाख रुपैयाँ लागतमा पुनर्निर्माण सम्पन्न गरिएको हो । हाडा छैँको आज नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले उद्धाटन गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले सम्पदाहरु केवल इतिहाससँग मात्र जोडिएको नभई देशको पर्यटन र अर्थतन्त्रसँग जोडिएको हबताउनुभयो । भक्तपुर नगरपालिकाले यस्ता मौलिक घरहरुलाई आगामी दिनहरुमा पनि मासिन नदिई सम्पदा संरक्षणको रुपमा प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ थियो ।

बिजुक्छेँले भन्नुभयो, "भक्तपुरको मौलिक संस्कृति, सम्पदा र परम्परालाई जोगाउनु हाम्रो दायित्व हो, भक्तपुरका ऐतिहासिक संरचना, कला, संस्कृति र मौलिक वास्तुकलाकै कारण भक्तपुरका सम्पदाप्रति विदेशी पर्यटक तथा अनुसन्धानकर्ताको आकर्षण दिनप्रतिदिन बढ्दै गएको छ ।"

सिकर्मी र डकर्मीहरु 'सांस्कृतिक गुरु' हुन् भन्नु उचित हुने बताउँदै अध्यक्ष बिजुक्छेँले उहाँहरुले समाज र देश विकासमा हाम्रो सभ्यता, मौलिक कला र सांस्कृतिक धरोहरका संरक्षणकर्ता र पुस्तान्तरण गर्ने अभियन्ताको भूमिका निर्वाह गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले हाडा छैँ केवल भौतिक संरचना मात्र नभई भक्तपुरको सांस्कृतिक गौरव झल्काउने सम्पदा भएको उल्लेख गर्नुभयो ।

भक्तपुरको मौलिक सभ्यता र जीवनशैलीबारे सकारात्मक सन्देश प्रवाहमा हाडा छैँ । रासस

# ४४२ हेक्टर वनक्षेत्र अतिक्रिमणमुक्त



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा वर्षौंदेखि अतिक्रमणको चपेटामा रहेका जग्गा मध्ये ४४२ हेक्टर वनक्षेत्र गत आर्थिक वर्ष २०८१/८२ मा खाली गराई अतिक्रमणमुक्त गराइएको छ ।

वन निर्देशनालय मधेश प्रदेशे जनाए अनुसार विभिन्न जिल्लामा फैलिएको वन अतिक्रमण हटाउने अभियानअन्तर्गत उक्त क्षेत्र फिर्ता लिइएको हो । निर्देशनालयले दिएको जानकारीअनुसार सबैभन्दा बढी सर्लाहीमा १७५ हेक्टर वनक्षेत्र अतिक्रमणमुक्त गरिएको छ । त्यसपछि सप्तरीमा १११ हेक्टर, बारामा ५४ हेक्टर, पर्सामा ४५ हेक्टर, धनुषामा ३० हेक्टर, रौतहटमा १२ हेक्टर, सिरहामा १० हेक्टर तथा महोत्तरीमा तीन हेक्टर वनक्षेत्र खाली गराइएको छ । वन क्षेत्रमा लामो समयदेखि खेतीपाती, गोठ निर्माण, होटल तथा पसल सञ्चालनदेखि घर बनाएर बसोबाससमेत हुँदै आएको थियो ।

वन निर्देशनालयका निर्देशक जगन्नाथप्रसाद जयसवालले अझै पनि मधेश प्रदेशका आठ जिल्लामा १६ हजार ५९९ हेक्टर वनक्षेत्र अतिक्रमणको अवस्थामा रहेको जानकारी दिए । उनका अनुसार थप अतिक्रमित वनक्षेत्र खाली गराउन सम्बन्धित डिभिजन वन कार्यालयहरूले सूचना जारी गरिसकेका छन् ।

अतिक्रमण हटाउने प्रक्रिया अघि बढाइए पनि त्यसका लागि प्रशासनिक संयन्त्र मात्र पर्याप्त नहुने भन्दै राजनीतिक दल, स्थानीय तह र समुदायको सहकार्य आवश्यक रहेको निर्देशक जयसवालले बताए । मधेश प्रदेशमा वन क्षेत्र अत्यन्त न्यून रहेको तथ्यांकले देखाएको छ । देशभर करिब ४५ प्रतिशत भूभाग वनले ढाकिएको भए पनि मधेश प्रदेशमा भने जम्मा ३ दशमलव ७२ प्रतिशत भूभाग मात्रै वन क्षेत्र रहेको निर्देशनालयको तथ्यांक छ ।

प्रदेशभर कुल दुई लाख दुई हजार २०२ हेक्टर वनक्षेत्र रहेकोमध्ये आठ प्रतिशत क्षेत्र अतिक्रमणमा परेको छ । अझै चिन्ताजनक पक्ष के छ भने मधेशका १३६ स्थानीय तहमध्ये ८९ स्थानीय तहमा वनक्षेत्र नै नरहेको बताइएको छ ।

# अपराध नियन्त्रण गर्ने सहमति

**टुडे समाचारदाता**

जलेश्वर । नेपाल-भारत सीमावर्ती क्षेत्रमा शान्ति सुरक्षा कायम गर्न तथा अपराध नियन्त्रणलाई प्रभावकारी बनाउन द्विपक्षीय समन्वयलाई थप सुदृढ बनाउने सहमति भएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताएका छन् ।





बुधबार भारतको मधुबनीमा आयोजित नेपाल-भारत सीमा जिल्ला समन्वय बैठकमा महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लाका प्रशासन तथा सुरक्षा निकायका प्रतिनिधि र भारतको मधुबनी जिल्लाका अधिकारीबीच सीमासम्बन्धी विविध विषयमा छलफल भएकोबाट सहमति भएको हो ।

बैठकपछि प्रतिक्रिया दिंदै प्रमुख जिल्ला अधिकारी यादवले खुला सीमाका कारण उत्पन्न हुने सुरक्षा चुनौतीलाई दुवै देशका प्रशासन र सुरक्षा निकायबीचको सहकार्यबाट नियन्त्रण गर्न सकिने बताए ।

उनले सीमावर्ती क्षेत्रमा हुने चोरी, तस्करी, लागूऔषध कारोबार, मानव बेचबिखन तथा अन्य आपराधिक गतिविधि नियन्त्रणका लागि नियमित सूचना आदानप्रदान र संयुक्त समन्वय आवश्यक रहेको उल्लेख गरे ।

उनका अनुसार बैठकमा सीमा क्षेत्रमा शान्ति सुरक्षा मजबुत बनाउने, अपराधिक गतिविधिमा संलग्न व्यक्तिमाथि निगरानी बढाउने तथा आवश्यक पर्दा संयुक्त रूपमा कारबाही प्रक्रिया अगाडि बढाउने विषयमा सहमति भएको छ ।

बैठकमा सहभागी अधिकारीहरूले सीमापार हुने सामाजिक तथा आर्थिक गतिविधिलाई सहज बनाउँदै सुरक्षा संवेदनशीलतालाई समेत ध्यान दिनुपर्नेमा जोड दिएका थिए । यसका साथै सीमा क्षेत्रमा हुने साना विवादलाई स्थानीय तहबाटै समाधान गर्न र आपसी विश्वासको वातावरण कायम राख्न दुवै पक्ष सहमत भएका छन् ।

# 'कृत्रिम पोखरीले चुरेको पानी सङ्कट टर्ने'

सिरहा । लहान नगरपालिकामा निर्माण सुरु गरिएको नयाँ बहुउद्देश्यीय कृत्रिम पोखरीले चुरे क्षेत्रको पानीको सङ्कट टार्ने र सयौँ बिघा जमिनमा सिँचाइ सुविधा पुर्‍याउने सरोकारवालाहरूले दाबी गरेका छन् । जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि लहानका वडा नं १५ र १८ मा यसअघि नै नौवटा बहुउद्देश्यीय मानवनिर्मित कृत्रिम पोखरी निर्माण भइसकेको पृष्ठभूमिमा राजदेवी चुरे सामुदायिक वनभित्र पर्ने ढोड्ना खोलाकिनारको १० बिघा क्षेत्रफलमा बृहत् पोखरीको शिलान्यास गरिएको हो ।



स्थानीय जनप्रतिनिधि तथा वातावरणविद्हरूले यस्तो परियोजना चुरे संरक्षण र पर्यापर्यटनका लागि कोसेढुङ्गा सावित हुने दाबी गरेका छन् । लहान नगरपालिका-१५ का वडाध्यक्ष तेजनारायण चौधरीले पोखरी निर्माणपछि चुरे फेदीका लाग्राहा र आसपासका किसानले राहत पाउने दाबी गर्नुभयो ।

उहाँले भन्नुभयो, "यस वडामा बन्ने नयाँ पोखरीले चुरे फेदीका लाग्राहा र आसपासका करिब पाँच सय बिघा खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुग्नेछ, जसले किसानको उत्पादकत्व बढाउन प्रत्यक्ष मद्दत पुग्नेछ ।" पोखरी निर्माणपछि पर्यापर्यटनसँगै कृषि क्षेत्रमा समेत सहयोग पुग्ने उहाँको विश्वास छ ।

त्यस्तै, वातावरणविद् दिनेश यादवले पुराना आहाल र पोखरी मासिएका कारण चुरेमा पानीको मुहान सुक्दै गएको उल्लेख गर्दै यस कृत्रिम पोखरीले 'वाटर रिचार्ज' को मुख्य काम गर्ने दाबी गर्नुभयो । "जलवायु परिवर्तनको असरले चुरे आसपासका बस्तीमा पानीको सङ्कट भयावह बन्दैछ । पोखरीहरूले जमिनमा पानी रिचार्जको मुख्य काम गर्छन् । तर, पुराना आहाल र पोखरी नै मासिएपछि जमिन रिचार्ज हुन नपाएर पानीका मूल बर्सेनि सुक्दै गएका हुन् । बर्खाको पानीलाई यस्ता कृत्रिम पोखरीमा जम्मा गरी वरिपरिको जमिनलाई चिस्यानयुक्त बनाइराख्न यो परियोजनाले ठूलो मद्दत पुर्‍याउनेछ", यादवले भन्नुभयो ।रासस

# भारतीय महावाणिज्य दुतावासद्धारा सप्तरीमाविद्यालयको भवन उद्घाटन

**टुडे समाचारदाता**

जनकपुरधाम । सप्तरीको सुरुङ्गा नगरपालिकामा रहेका श्री जनता माध्यमिक विद्यालयको नवनिर्मित भवनको उद्घाटन गरिएको छ । भारत सरकारको सहयोगमा नवनिर्मित भवनको बुधवार वीरगञ्जस्थित भारतीय महावाणिज्य दुतावासका महावाणिज्यदूत देवी सहायमीना र नगरपालिकाकीप्रमुखगीताचौधरीले संयुक्त रुपमा उद्घाटन गरिएको हो ।





उच्च प्रभाव सामुदायिक विकास परियोजना अन्तर्गत उक्त विद्यालयका लागि सुविधा सम्पन्न भवन निर्माण गरिएको छ । भारत सकारको आर्थिक सहयोगमा रहेको उक्त योजना सुरुङ्गा नगरपालिकामार्फत कार्यान्वयन गरिएका हुन् । सन् १९५१ मा स्थापनामा भएको जनता माध्यमिक विद्यालयमा नर्सरी देखि स्नातकसम्म पठनपाठन भइरहेको छ । नेपालको विकास निर्माण कार्यमा भारत सरकारले प्रदान गरिरहेको सहयोगका लागि नगरपालिकाकी प्रमुख गीता चौधरीले प्रशंसा व्यक्त गरिन् । उनले भनिन्' नयाँ पूर्वाधारले विद्यार्थीहरुलाई आकर्षण र शिक्षाा क्षेत्रलाई सुदृढ पार्न मद्दत गरेको छ ।'

विश्वमा नेपाल भारत मात्रै यस्तो देश हो । जहाँ एक अर्का देशमा आवतजावत कुनै पासपोर्ट, भिजाको आवश्यकता पर्दैन खुल्ला सिमाना छ । भारतसँग नेपालको रोटीबेटीको सम्बन्ध रहेको छ । यस प्रकारको सहयोगले दुई देशबीचको सम्बन्धथपमजबुतबन्ने उद्धाटन समारोहमा सहभागीहरुले विश्वास व्यक्त गरे ।

उद्घाटन समारोहमा बोल्दै भारतीय महावाणिज्य दुतावासका महावाणिज्यदूत देवी सहायमीनाले छिमेकीभएको नाताले नेपाल र भारतबीचव्यापक र बहुआयामिकविकास साझेदारी रहेको छ । जसले दुबै देशको नागरिकको सम्बन्ध देखाउँछ । यो परियोजनाले देखाउँछ, भारत सरकार नेपालको विसकामा सहयोग हरसम्भव प्रयासरत छन् । उनले भने 'नेपालको भौतिक पूर्वाधार विकासमा भारत सरकार लगातार सहयोग गरिरहेको छ । भारत सरकारको 'एचआइसिडीपी' कार्यक्रम अन्तर्गत श्री जनता माध्यमिक विद्यालयको भवन निर्माणको यो परियोजना नेपाल र भारतको सम्बन्धको मजबुत उदाहरण हो ।'

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजको दिन बौद्धिक कार्यमा सफलता मिल्नेछ । |
| वृष : | आज पारिवारिक कलह वा विवाद बढ्न सक्ने भएकाले संयम रहनुहोला । |
| मिथुन : | तपाईंको पराक्रम र साहसको कदर हुनेछ । |
| कर्कट : | आर्थिक लाभ हुने र धन संचय बढ्नेछ। |
| सिंह : | आज तपाईंको व्यक्तित्वमा निखार आउनेछ । |
| कन्या : | अनावश्यक खर्च बढ्नाले आर्थिक तनाव हुन सक्छ । |
| तुला : | आम्दानीका विभिन्न स्रोतहरु फेला पर्ने छन् । |
| वृश्चिक : | कार्यक्षेत्रमा तपाईंको वर्चस्व कायम रहनेछ । |
| धनु : | वैदेशिक क्षेत्रको लगानीबाट लाभ मिल्नेछ । |
| मकर : | अचानक आइपर्ने समस्याले मन विचलित हुन सक्छ । |
| कुम्भ: | जीवनसाथीको सहयोगले नयाँ उचाइ हासिल हुनेछ । |
| मीन: | आज शत्रुमाथि विजय प्राप्त गर्ने दिन हो । |

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बढ्दै छ 'डेटा सेन्टर'मा लगानी, क्षेत्रीय 'हब' बन्न सक्ला त नेपाल ?

काठमाण्डु । गणितज्ञ तथा डेटा (तथ्याङ्क) वैज्ञानिक क्लाइभ हम्बीले सन् २००६ मै डेटालाई विकासको नयाँ इन्धन (न्यू आयल) रुपमा व्याख्या गर्नुभएको थियो । अर्थात् आधुनिक अर्थतन्त्रमा डेटाले इन्धनले जस्तै शक्ति र मूल्य राख्न थालेको छ भन्ने उहाँको भनाइ थियो । औद्योगिक युगमा अर्थतन्त्र चलाउने मुख्य स्रोत इन्धन थियो, कार, उद्योग, यातायात सबै इन्धनमा निर्भर थिए । तर अहिले डिजिटल युगमा त्यो भूमिका डेटाले लिएको छ।

अहिलेको विश्व बजारमा जसको नियन्त्रणमा डेटा हुन्छ, भविष्यको अर्थतन्त्रमा उसैको प्रभाव बढी हुन्छ भनिन्छ। यही कारण अहिले अमेरिका, चीन, युरोपदेखि मध्यपूर्वसम्म डेटा सेन्टरमा अर्बौं डलर लगानी गरिरहेका छन्।

डेटा सेन्टरको महत्व नेपालमा पनि बढ्दै छ। प्रविधिको प्रयोग बढ्दै जाँदा र हरेक क्षेत्रमा प्रविधिमा आश्रित हुँदै गर्दा डेटा सेन्टरमा लगानी, यसको महत्व र आवश्यकता बढ्दै गएको देखिन्छ।

गत वैशाख २४ गते केही नेपाली व्यवसायीले काठमाडौँ र वीरगञ्जमा टायर-४ को हाइपरस्केल बिचुटेन डेटा वर्ल्ड नामक डेटा सेन्टर निर्माणको घोषणाले पनि यसलाई पुष्टि गरेको छ । दुवै ठाउँमा करिब रु पाँच अर्ब लगानी गर्ने कम्पनीले घोषणा गरिसकेको छ।


त्यति मात्रै होइन, अर्थमन्त्री डा स्वर्णिम वाग्लेले बिचुटेन डेटा वर्ल्डका लगानीकर्तासँग भेट गरी डेटा सेन्टर निर्माणमा सरकारले आवश्यक सहयोग गर्ने वचन दिइसक्नुभएको छ । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले पनि नेपालमा डेटा सेन्टर निर्माणमा विदेशी लगानीको सम्भाव्यताका अध्ययन गर्ने बताउनुभएको छ । उहाँले डेटा सेन्टरमा बहुराष्ट्रिय कम्पनीको रुचि र सम्भाव्यताका विषयलाई सरकारले अध्ययन योजना बनाएको उल्लेख गर्नुभएको हो।

नेपालमा अहिले डिजिटल प्रयोग तीव्र गतिमा बढिरहेको छ। अधिकांश बैंकिङ कारोबार मोबाइलबाट हुन थालेका छन्, सरकारी सेवा अनलाइनमा गइरहेका छन्, भिडियो सामग्री हेर्ने प्रयोगकर्ता बढिरहेका छन्, सामाजिक सञ्जालको प्रयोग व्यापक छ र कृत्रिम बुद्धिमत्ता (एआई) प्रयोग गर्नेको सर्‍या पनि विस्तारै बढ्दै गएको छ । केही वर्षअघिसम्म सामान्य मानिने 'डेटा' अहिले अर्थतन्त्र, व्यापार, सुरक्षा र सरकारी सेवाको केन्द्रमा पुगिसकेको छ । यही डेटालाई सुरक्षित राख्ने, प्रशोधन गर्ने र सञ्चालन गर्ने आधार भनेको 'डेटा सेन्टर' हो।

हुवावे नेपालमा विगत १० वर्षदेखि काम गरिरहनुभएका हुवावे टेक्नोलोजीका निर्देशक रोहितचन्द्र शाह नेपालमा मात्रै होइन विश्वभर डेटाको महत्व बढ्दै गएको उल्लेख गर्दै यसमा लगानी पनि बढ्न थालेको बताउनुहुन्छ । शाह नेपालको पहिलो एक्रिडेटेड टायर स्पेसलिस्ट (एटिएस) हुनुहुन्छ।

"अहिले हरेक क्षेत्र प्रविधिमय भइरहेको छ, यसले डेटा सेन्टरको महत्व बढाएको छ, पहिले टेलिकम कम्पनीले मात्रै प्रयोग गर्दथे भने अहिले हरेक क्षेत्रका लागि डेटा सेन्टर आवश्यक भइसकेको छ", उहाँले भन्नुभयो।

शाहका अनुसार हुवावेले नेपालमा लामो समयदेखि डेटा सेन्टरसम्बन्धी सेलुसन दिँदै आएको छ । "हुवावेले डेटा सेन्टर निर्माणदेखि सबै सेवा पनि उपलब्ध गराउँदै आएको छ, साना र ठूला गरी एक दर्जनभन्दा बढी डेटा सेन्टर निर्माण गरिसकेका छौँ, अब हामी एआई डेटा सेन्टरमा केन्द्रित भइरहेका छौँ", शाहले भन्नुभयो।



डेटा सेन्टर केवल सर्भर राख्ने भवन मात्रै होइन । भविष्यमा डेटा सेन्टर नै एआई, क्लाउड कम्प्युटिङ, फाइभ-जी, स्मार्ट सिटी, स्वचालित उद्योग र डिजिटल अर्थतन्त्रको मुख्य आधार बन्नेछ । विशेषगरी ऊर्जा दक्षता, स्मार्ट व्यवस्थापन, उच्च क्षमताको कम्प्युटिङ र 'ग्रीन डेटा सेन्टर' मा जोड हुवावेको भनाइ छ।

"बैंकको एउटा डिजिटल केवाइसी एकदेखि १५ एमबीसम्मको भइसकेको छ । डिजिटलाइजेसनको प्रयोग जति बढ्दै जान्छ, त्यति नै डेटा सेन्टरको आवश्यकता बढ्दै जान्छ", साहले भन्नुभयो, "डेटा सेन्टरको महत्व कतिसम्म छ भने डेटा सेन्टरमा समस्या आउँदा सम्पूर्ण प्रणालीमै समस्या आउँछ ।" नेपालमा डेटा सेन्टरको अवस्था

हाल नेपालमा सरकारी तथा निजी क्षेत्र दुवैले डेटा सेन्टरमा लगानी गरिरहेका छन् । सरकारले पनि 'डिजिटल नेपाल' अभियानअन्तर्गत सरकारी सेवा अनलाइनमा लैजाने नीति अघि बढाइरहेको छ। राष्ट्रिय सूचना प्रविधि केन्द्रमार्फत सरकारी डेटा व्यवस्थापन भइरहेको छ भने भविष्यमा सरकारी क्लाउड प्रणाली विस्तार गर्ने योजना पनि बनाइएको छ।

`पाल सरकारले सिंहदरबारभित्र एकीकृत डेटा व्यवस्थापन केन्द्र सञ्चालन गरिरहेको छ । सन् २००९ मा कोरियाली सरकारको अनुदानमा निर्माण गरिएको यो डेटा सेन्टरले सरकारी निकायको डोमेन दर्तादेखि वेबसाइट होस्टिङसम्मको सम्पूर्ण काम, सरकारी निकायको विद्युतीय सेवालाई आवश्यकपर्ने सूचना प्रविधि पूर्वाधार उपलब्ध गराउने, सिंहदरबार नेटवर्क पूर्वाधारको सञ्चालन र व्यवस्थापन, सरकारी डेटा ब्याकअपलगायतका काम गर्दै आएको छ।

त्यसबाहेक सरकारी संस्था नेपाल टेलिकमको जावलाखेल र भैरहवामा रहेको डेटा सेन्टरका साथै एचभनसेल, वर्ल्डलिंकलगायतका दूरसञ्चार तथा इन्टरनेट सेवा प्रदायक कम्पनीहरूले आफ्ना सेवा सञ्चालनका लागि डेटा पूर्वाधार विस्तार गरिरहेका छन्। नक्खुस्थित एनसेलको डेटा सेन्टर, स्यूचाटार स्थित नेपाल विद्युत् प्राधिकरणको डेटा सेन्टर, वर्ल्डलिङ्कको डेटा सेन्टर ठूलामध्येका एक हुन्।

**क्षेत्रीय हब बन्न सक्छ नेपाल**

विज्ञहरूका अनुसार नेपालको डेटा सेन्टर उद्योग अझै प्रारम्भिक चरणमै छ। यद्यपि नेपाल डेटा सेन्टरका लागि क्षेत्रीय 'हब' बन्नसक्ने जानकारहरु बताउँछन् । पछिल्लो समय डेटा सेन्टरमा भइरहेको लगानी, विदेशी कम्पनीहरुले देखाएको रुचि मात्रै होइन सस्तो ऊर्जाको उपलब्धता र भूगोलका कारण पनि नेपाल डेटा सेन्टरको केन्द्र बन्नसक्ने उहाँहरुको बुझाइ छ।

नेपाल डेटा सेन्टरको हब बन्नसक्ने सम्भावना रहेको बिचुटेन डेटा वर्ल्डका प्रबन्धनिर्देशक नवीन अग्रवाल स्वीकार गर्नुहुन्छ । "प्रविधिको बढ्दो प्रयोगले डेटा सेन्टरमा लगानी बढिरहेको छ, यस विषयमा हामीले पनि डेढ वर्ष अनुसन्धान गरेर लगानी गर्ने निर्णय गरेका हौँ, सबै हिसाबले नेपाल डेटा सेन्टरको हब बन्नसक्ने ठूलो सम्भावना मैले देखेको छु", उहाँले भन्नुभयो।

नेपालमा हावापानी चिसो हुँदा कुलिङ गर्नका लागि कम ऊर्जा खपत हुन्छ । अन्य मुलुकको तुलनामा सञ्चालन खर्च पनि कम छ, यदि हामीले निकै कम खर्चमा सेवा दिन सकियो भने नेपाललाई क्षेत्रीय डेटा हबका रुपमा विकास गर्न सकिने हुवावे टेक्नोलोजीका निर्देशक साहको भनाइ छ।

एआइका लागि प्रयोग हुने 'जिपियु सर्भर' ले अत्यधिक ताप उत्पादन गर्ने भएकाले अहिले विश्वभर डेटा सेन्टर उद्योग नयाँ चिस्यान प्रणालीतर्फ गइरहेको छ। एआई डेटा सेन्टरमा ऊर्जा खपत धेरै हुने भएकाले विद्युत् व्यवस्थापन र ताप नियन्त्रण सबैभन्दा महत्त्वपूर्ण विषय बन्नेछ।

कम्पनी अहिले विश्वभर क्लाउड कम्प्युटिङ, एआई पूर्वाधार, स्मार्ट ऊर्जा प्रणाली र डेटा सेन्टर समाधानमा लगानी बढाइरहेको छ । हाल हुवावेले मात्रै एआई डेटा सेन्टरका लागि 'वन-स्टप सोलुसन' विकास गरिरहेको दाबी गरको छ। यसअन्तर्गत कम्पनीले विद्युत् प्रणाली, ब्याकअप पावर, स्मार्ट निगरानी, नेटवर्क, चिस्यान व्यवस्थापन र क्लाउड प्रणालीलाई एउटै संरचनामा जोड्ने रणनीति बनाएको छ।

भविष्यका डेटा सेन्टर पूर्ण रूपमा स्वचालित हुनेछन् । एआईकै माध्यमबाट तापक्रम, विद्युत् खपत, नेटवर्क अवस्था र सम्भावित जोखिमको निगरानी गर्न सकिनेछ । यसले सञ्चालन खर्च घटाउनुका साथै डेटा सेन्टरलाई बढी सुरक्षित र ऊर्जा दक्ष बनाउने कम्पनीको दाबी छ।

> "प्रविधिको बढ्दो प्रयोगले डेटा सेन्टरमा लगानी बढिरहेको छ, यस विषयमा हामीले पनि डेढ वर्ष अनुसन्धान गरेर लगानी गर्ने निर्णय गरेका हौँ, सबै हिसाबले नेपाल डेटा सेन्टरको हब बन्नसक्ने ठूलो सम्भावना मैले देखेको छु"

हुवावेले 'मोडुलर डेटा सेन्टर' अवधारणामा पनि जोड दिएको छ। यसको अर्थ आवश्यकताअनुसार विस्तार गर्न सकिने, छिटो निर्माण गर्न सकिने र कम लागतमा सञ्चालन गर्न सकिने जनाइएको छ। विकासशील मुलुकका लागि यस्तो मोडेल उपयोगी हुनसक्ने कम्पनीको भनाइ छ।

कम्पनीले डेटा सेन्टरमा प्रयोग हुने विद्युत् प्रणालीमा पनि विशेष ध्यान दिएको छ । डेटा सेन्टरमा केही सेकेन्ड विद्युत् अवरोध हुँदा पनि ठूलो आर्थिक क्षति हुनसक्ने भएकाले उच्च विश्वसनीय 'युपिएस' प्रणाली र ब्याकअप समाधान विकासमा कम्पनी केन्द्रित देखिन्छ।

"नेपालमा अहिले टायर-३ सम्मका डेटा सेन्टर छन्, 'हाइपरस्केल'को डेटा सेन्टर निर्माण भइसकेको छैन, यद्यपि हुने क्रममा रहेको देखिन्छ", साहले भन्नुभयो, "हुवावेले पनि सोहीअनुसार आफूलाई विकसित गर्दै डेटा सेन्टर निर्माणका लागि उच्चतम र आधुनिक प्रविधिको प्रयोग गरिरहेको अवस्था छ।" उहाँका अनुसार अहिले नेपाली प्रयोगकर्ताको ठूलो डेटा विदेशी सर्भर तथा अन्तरराष्ट्रिय क्लाउड प्लेटफर्ममा निर्भर छ, नेपालमा डेटा सेन्टर निर्माण गर्ने हो भने डेटा सुरक्षा र डेटा सार्वभौमिकतामा कायम गर्न सकिन्छ नेपालको डेटा विदेशमा भण्डारण हुँदा त्यसको सुरक्षा, पहुँच र नियन्त्रणबारे दीर्घकालीन चिन्ता पनि बढ्दै गएको साहको बुझाइ छ।

**डेटा सेन्टरको मापदण्ड**

पहिले डेटा सेन्टर निर्माणसम्बन्धी विशेष कानुन थिएन। तर सरकारले केही समयअघि डेटा सेन्टर तथा क्लाउड सेवा (सञ्चालन तथा व्यवस्थापन), २०८१ जारी गरेको थियो । सोहीअनुसार अहिले डेटा सेन्टर सञ्चालन भइरहेका छन्।

डेटा सेन्टरका लागि विश्वव्यापी मान्यताअनुसार अपटाइम इन्स्टिच्युट प्रचलित मान्यता हो। यो एउटा अन्तरराष्ट्रिय संस्था मापदण्ड हो। यो मापदण्डमा डेटा सेन्टरको विश्वसनीयता, सुरक्षा र निरन्तर सञ्चालन क्षमता (अपटाइम) को मूल्याङ्कन गरी प्रमाणित गरिन्छ । सरल भाषामा भन्नुपर्दा, कुनै डेटा सेन्टर कति भरपर्दो छ र कुनै अवरोधबिना कति समयसम्म सञ्चालनमा रहन सक्छ भन्ने कुरा यही संस्थाले जाँच गर्छ।

यस संस्थाले डेटा सेन्टरलाई चार तह (टायर १ देखि टायर ४) मा वर्गीकरण गर्ने प्रणाली विकास गरेको छ। टायर वान सबैभन्दा आधारभूत स्तर हो, जहाँ सीमित पूर्वाधार र कम ब्याकअप प्रणाली हुन्छ, जसका कारण सामान्य मर्मत वा प्राविधिक समस्या हुँदा सेवा अवरुद्ध हुन सक्छ। टायर टुमा केही सुधार भए पनि पूर्ण सुरक्षा सुनिश्चित हुँदैन।

त्यसैगरी टायर थ्रीलाई उच्च विश्वसनीयताको स्तर मानिन्छ, जहाँ मर्मतसम्भारका क्रममा पनि सेवा निरन्तर सञ्चालन गर्न सकिन्छ, किनकि पर्याप्त ब्याकअप प्रणाली र दोहोरो पूर्वाधार (रेडन्डेन्ट इन्फ्रास्ट्रक्चर) हुन्छ । बैंक, दूरसञ्चार तथा ठूला डिजिटल सेवा प्रदायकले प्रायः यही स्तरको डेटा सेन्टर प्रयोग गर्छन् । एनसेलको नक्खु र नेपाल विद्युत् प्राधिकरणको स्युचाटारमा रहेको डेटा सेन्टर टायर थ्रीअन्तर्गत पर्छन्। टायर फोर भने सबैभन्दा उच्च स्तर हो, जहाँ कुनै एक प्रणालीमा समस्या आए पनि अर्को ब्याकअप तुरुन्त सक्रिय भएर सेवा अवरुद्ध हुन दिँदैन, जसले लगभग शतप्रतिशत अपटाइम सुनिश्चित गर्छ । हालै नेपालमा टायर फोरको डेटा सेन्टर निर्माणका लागि घोषणा गरिएको छ।

अपटाइम इन्स्टिच्युटको प्रमाणपत्र कुनै पनि डेटा सेन्टरको अन्तरराष्ट्रियस्तरको विश्वसनीयता प्रमाणित गर्ने भएकाले यो बैंकिङ, दूरसञ्चार, ई-गभर्नेन्स र क्लाउड सेवाको क्षेत्रमा अत्यन्त महत्त्वपूर्ण मानिन्छ।

अर्को भनेको एएनएसआई (अमेरिकन नेशनल स्ट्यान्डर्ड्स इन्स्टिच्युट) मापदण्डको डेटा सेन्टर हो। साथै बिल्डिङ इन्डस्ट्री कन्सल्टिङ सर्भिस इन्टरनेसनल (बिआइसिएसआइ) पनि अर्को मापदण्ड हो । यी अन्तरराष्ट्रिय संस्थाले सूचना तथा सञ्चार प्रविधि (आइसिटी) र भवनभित्रको प्राविधिक पूर्वाधारसम्बन्धी मापदण्ड, तालिम र प्रमाणपत्र प्रदान गर्छन्।

**कति चुनौतीपूर्ण ?**

डेटा सेन्टर निर्माण अत्यन्त महँगो पूर्वाधार हो । उच्च क्षमताको विद्युत्, चिस्यान प्रणाली, साइबर सुरक्षा, नेटवर्क र दक्ष प्राविधिक जनशक्ति आवश्यकपर्ने भएकाले लागत निकै ठूलो हुन्छ। नेपालमा अझै पनि विद्युत् आपूर्ति स्थायित्व, उच्च गुणस्तरको इन्टरनेट, अन्तरराष्ट्रिय कनेक्टिभिटी र साइबर सुरक्षासम्बन्धी चुनौती कायम छन्।

अर्कोतर्फ, डेटासम्बन्धी स्पष्ट कानुनी व्यवस्था र नीति पनि अझै पूर्ण रूपमा विकसित भइसकेको छैन । भविष्यमा डेटा कहाँ राख्ने, कसरी सुरक्षित गर्ने, विदेशी कम्पनीको पहुँच कति हुने भन्ने विषय अझै संवेदनशील बन्ने देखिन्छ।

एआईको विस्तारसँगै साइबर आक्रमणको जोखिम पनि बढिरहेको छ । त्यसैले भविष्यमा डेटा सेन्टर निर्माणसँगै साइबर सुरक्षा पूर्वाधार विकासलाई पनि समान प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ। रासस

## राष्ट्रिय ललितकला प्रदर्शनी समयमै हुनुपर्ने माग

काठमाण्डु । यही जेठ १५ गतेदेखि हुने भनिएको 'राष्ट्रिय ललितकला प्रदर्शनी २०८३' समयमै आयोजना हुनुपर्ने माग गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा ध्यानाकर्षणपत्र बुझाइएको छ।

'शनिवारीय स्थलगत कला कार्यशाला अभियान'ले बुधबार मन्त्रालयमा पुगेर नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान नेतृत्वविहीन भएको अवस्थामा सो प्रदर्शनी बिना रोकटोक हुनुपर्ने माग गर्दै ध्यानाकर्षणपत्र बुझाएको हो।

अभियानका सचिव दिवेश प्रधानले ललितकला क्षेत्रकै महाउत्सव मानिने उक्त कार्यक्रमका विषयमा कसैको पनि चासो नपरेकाले आज मन्त्रालयमा पुगेर ध्यानाकर्षण गराइएको बताउनुभयो।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले हरेक वर्ष जेठ १५ देखि ३० गतेसम्म उक्त प्रदर्शनी गर्ने गरेको थियो।



गणतन्त्र दिवसको अवसरमा उद्घाटन हुने भनेर घोषित राष्ट्रिय ललितकला प्रदर्शनी २०८३ के हुने हो, हुने हो कि नहुने हो, कर्मचारी नेतृत्वले आयोजना गर्ने हो कि होइन, सक्ने हो कि होइन ? भन्ने अहिले पनि अन्योल रहेको छ।

ध्यानाकर्षण पत्रमा भनिएको छ, 'प्रतिष्ठान जस्तो प्राज्ञिक निकायमा सरकारले नयाँ नियुक्तिका लागि रोस्टर आह्वान गरिसकेको विद्यमान अवस्थामा चाँडोभन्दा चाँडो छोटो प्रक्रिया अपनाएर ललितकला प्रज्ञा प्रतिष्ठानमा नयाँ नेतृत्व नियुक्त गरी जेठ १५ गते नै राष्ट्रिय ललितकला प्रदर्शनी २०८३ सम्पन्न गर्नुहुन अनुरोध गर्दछौँ।'

सचिव प्रधानले भन्नुभयो, "यसरी कला प्रदर्शनी गर्दा नेपाली ललितकलाकर्मीहरु बीच उच्चस्तरीय समझदारी बन्ने अपनत्व पनि हुनेछ र निकट भविश्यमा प्रतिष्ठानमा आउँदै गरेको नेतृत्वलाई पनि मार्ग निर्देशन हुनेछ भन्ने हामीलाई लागेको छ।"रासस

# वीरगञ्ज महानगरपालिकाले प्रशासकीय अधिकृतलाई हाजिर गर्न दिएन

वीरगञ्ज । सङ्घीय सरकारले खटाएको प्रमुख प्रशासकीय अधिकृतलाई वीरगञ्ज महानगरपालिकाले हाजिर गर्नबाट अवरोध गर्दै आएको छ।

नेपाल सरकार मन्त्रिपरिषद्को २०८२ फागुन १२ गतेको निर्णयानुसार वीरगञ्ज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा रेशमलाल कँडेललाई सरुवा गरिएको थियो । तर, वीरगञ्ज महानगरले प्रमुख प्रशासकीय अधिकृत कँडेललाई हाजिर गर्ने वातावरण भने तयार पारेको छैन।

विगत १० दिनदेखि प्रमुख प्रशासकीय अधिकृत कँडेल वीरगञ्जमै हुनुहुन्छ। तर उहाँलाई महानगरपालिकाले हाजिर गर्न भने दिएको छैन । वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले सङ्घीय सरकारले गत फागुन १२ गते प्रमुख प्रशासकीय अधिकृत कँडेलको सरुवा गरेको भए पनि उहाँले वीरगञ्ज आउन ढिलाइ गर्नुभएको आरोप लगाउनुभयो।

"उहाँ सरुवा हुनेबित्तिकै आउन चाहनुभएन", महानगर प्रमुख सिंहले भन्नुभयो, "अहिले उहाँ मन्त्रालयले ताकेता गरेपछि मात्रै आउन खोज्नुभएकाले पनि हाजिरी गराउन नखोजेका हौं । हामीलाई उहाँभन्दा नयाँ प्रमुख प्रशासकीय अधिकृत पठाइदिएमा राम्रो हुने थियो भन्दै आएका छौँ।"

प्रमुख प्रशासकीय अधिकृत कँडेलले भने आफू वीरगञ्जमै भए पनि महानगरको कार्यालयमा गएर हाजिरी गर्ने वातावरण नभएको जानकारी दिनुभयो।

"विगत १० दिनदेखि वीरगञ्जमै बस्दै आएको छु । अहिलेसम्म महानगरमा हाजिर गर्ने वातावरण बनेको छैन। म अहिले पनि हाजिर हुने प्रतीक्षामा जिल्ला प्रशासन कार्यालयमा आएर बसिरहेको छु", प्रमुख प्रशासकीय अधिकृत कँडेलले भन्नुभयो।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता एकदेव अधिकारीले अहिलेको सरकारले भन्दा पनि यसअघिको सरकारले प्रमुख प्रशासकीय अधिकृतलाई सरुवा गरेकाले हाजिर गराउने विषयमा वीरगञ्ज महानगरसँग समन्वय गरिरहेको बताउनुभयो।

"मन्त्रालय र वीरगञ्ज महानगरबीच समन्वय भइरहेको छ। केही दिनभित्रै अहिले देखिएको समस्या समाधान हुने विश्वास लिएका छौँ", उहाँले भन्नुभयो।

महानगर प्रमुख सिंहले प्रमुख प्रशासकीय अधिकृत नहुँदा यहाँको आर्थिक र प्रशासकीय काम रोकिएको दाबी गर्नुभयो।रासस







**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गरुडा, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति २०८३/०२/०७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।


अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
| --- | --- |
| सेख हुसेनको नाति, सेख सुजाईतको छोरा, रौतहट जिल्ला, साविक बसविटी जिगडिया गा.वि स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ८ बस्ने **सेख सलाहुदिन** (ना.प्र.नं. १२५६, जारी मिति २०४४/१२/०६, जि.प्र.का. रौतहट)। | सेख सुजाईतको बुहारी, सेख सलाहुदिनको पत्नी, रौतहट जिल्ला, साविक बसविटी जिंगडिया गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ८ बस्ने **सकिला खातुन** (ना.प्र.नं. ३२३०८५/१७५, जारी मिति २०६३/१२/१४, जि.प्र.का. रौतहट)। |
| **धितोको विवरण** | |
| सेख सलाहुदिन (ना.प्र.नं. १२५६, जारी मिति २०४४/१२/०६, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक बसविटी जिंगडिया गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ८ स्थित कि.नं. २८७/१२ र २८७/५३ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-१³/⁴ (बिगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। | |

Siddhartha Bank
शाखा कार्यालय : गरुडा, रौतहट
फोन नं. ०५५-५६५४३५
Website : www.siddharthabank.com



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सञ्चार माध्यमलाई नमार

राष्ट्रिय 'क' वर्गको जनकपुर टुडे दैनिक पत्रिकाले २८ औं वर्षमा प्रवेश गरेको छ ।यस सुखद अवसरमा सम्पूर्ण पाठक, विज्ञापनदाता, शुभेच्छुक, टुडेकर्मीहरुमा हार्दिक बधाई र आभार प्रकट गर्दछौ ।जनकपुरधामको पहिचानलाई स्थापनाकालदेखि नै प्रचारप्रसार गर्दै आम पाठकसम्म सत्य, तथ्य सूचना प्रवाह गर्दै आएको जनकपुर टुडे पत्रिका आगामी दिनमा पनि आफ्नो यात्रालाई निरन्तरता दिंदै गहन जिम्मेवारीलाई निर्वाह गर्ने प्रण गर्दछ ।नेपालको मध्य मधेशलाई केन्द्र बनाएर जनकपुर टुडेले प्रारम्भ गरेको यात्रालाई डिजिटल माध्यमबाट विश्वव्यापी बनाएको छ ।संसारभरी फैलिएर रहेका नेपालीहरुले जनकपुर टुडे चाहेको बखत पढ्न पाइरहेका छन् ।जनकपुर टुडेको पहुँच व्यापक बनेको छ ।भौतिक र डिजिटल दुबै माध्यमबाट जनकपुर टुडे अत्यधिक पाठकसम्म पहुँच बनाउन निरन्तर प्रयास गरिरहेको छ ।सञ्चार क्षेत्रमा दिनदिनै भइरहेको विकाससँगै जनकपुर टुडेले पनि आफूलाई रुपान्तरित गर्दै आएको छ ।कोरोनाकालदेखि छापा सञ्चार माध्यम आर्थिक लगायतका संकटहरुबाट गुज्रदै आएको छ ।आर्थिक संकट खप्न नसकेर धेरै छापा सञ्चार माध्यम बन्द भइसकेको छ ।हाल नेपाल सरकारले निजी क्षेत्रबाट प्रकाशित भइरहेको सञ्चार माध्यमहरुलाई सरकारी सूचनामा रोक लगाएको छ ।नेपालमा सरकारी सूचनाको बजार व्यापक छ ।तर ती सबै विज्ञापन अहिले सरकारी सञ्चार माध्यमहरुमा मात्र गएको छ ।निजी क्षेत्रबाट प्रकाशन, प्रसारण हुने सञ्चार माध्यमहरुलाई सरकारी विज्ञापनबाट पूर्णरुपमा बञ्चित गरिएको छ ।लोकतान्त्रिक व्यवस्थामा राज्यले यस्तो निर्णय लिनु हुँदैन् ।सञ्चार क्षेत्रलाई राष्ट्रको चौथों अंग मानिन्छ ।राष्ट्रको तीन अंगलाई निरन्तर सचेत गराइरहने चौथों अंग धराशायी भए लोकतान्त्रिक गणतन्त्र नै धरापमा पर्न सक्छ ।सरकारले निजी क्षेत्रलाई निषेध गर्नु हुँदैन् ।सरकारले रोजगारीको अवसर खोजिरहेको बेला सञ्चार माध्यमलाई बन्द गराएर भएको रोजगारी पनि समाप्त गर्नु ठिक होइन् ।सञ्चार क्षेत्रमा रहेका कमी कमजोरीहरुलाई सरकारले नियमनगरी सुधार गर्न लगाउनु पर्छ ।नियामक निकायहरुलाई अझ बढी जवाफदेही र सक्रिय बनाउनु पर्छ ।सरकारले मिडियालाई आर्थिक संकटमा पारेर बन्द गर्ने वातावरण बनाउनु भन्दा खुल्ला रुपमा सहयोगको परिमाण बढाएर सहकार्य गर्ने वातावरण बनाउन बढी उपयुक्त हुनेछ ।सरकारले पनि देश विकास गर्ने हो ।सञ्चार माध्यमहरुले पनि त्यसमा सहयोगीको भूमिका निर्वाह गर्ने हो ।भइरहेको विकासलाई सञ्चार माध्यमहरुले नभएको भन्दैन् ।सरकारले गरेका कयौं निर्णयहरुलाई मिडियाले प्रशंसा गरेको छ ।सामाजिक सञ्जाललाई सरकारले मलजल गर्ने होइन् ,त्यसमा हुने लगानीबाट नेपाली नागरिक लाभान्वित हुने प्रतिशत न्यून छ ।मुख्यधारका सञ्चार मध्यमहरुलाई सरकारले प्रोत्साहन गरेमा रोजगारीको पर्याप्त अवसर सृजना हुन सक्छ ।सरकारले निजी क्षेत्रको सञ्चार माध्यमलाई गरेको आर्थिक नाकाबन्दीलाई चाँडै खुल्ला गर्ने विश्वास हामीले लिएका छौ ।जनकपुर टुडेले आगामी दिनमा पनि पाठक, शुभेच्छुक, विज्ञापनदाताहरुको अमूल्य सहयोग प्राप्त गर्दै अगाडि बढ्ने विश्वास व्यक्त गर्दछौ ।अन्त्यमा फेरि सबैमा हार्दिक बधाई र आभार ।

# होनहार युवाहरूको लोपोन्मुख साहसी र रक्तरन्जित इतिहास



डा. राजु बैठा

नेपालको राजनीतिक इतिहास केवल शासकहरूको उतारचढावको कथा होइन, यो हजारौँ युवाहरूको रगत, आँसु र अदम्य साहसले लेखिएको जीवित दस्तावेज हो तर आज ती युवाहरूको योगदान क्रमशः ओझेलमा पर्दै गएको छ। नयाँ पुस्ताले परिवर्तनको परिणाम त देखिरहेको छ, तर त्यसका लागि गरिएको संघर्ष र बलिदानबारे गहिरो जानकारीको अभाव देखिन्छ। यस सन्दर्भमा नेपालका विभिन्न ऐतिहासिक आन्दोलनहरूमा युवाहरूको भूमिका र वर्तमानमा त्यसको विस्मरणबारे पुनर्विचार आवश्यक भएको छादेशको प्रत्येक महत्वपूर्ण राजनीतिक परिवर्तन चाहे त्यो २००७ सालको प्रजातान्त्रिक क्रान्ति होस्, २०१७ सालमा राजा महेन्द्रद्वारा प्रजातन्त्र विघटनपछिको विरोध होस्, पञ्चायती व्यवस्थाविरुद्धको दीर्घ संघर्ष, २०३६ सालको जनमत संग्रह, २०४६ सालको जनआन्दोलन, २०५२-२०६२ को सशस्त्र जनयुद्ध, वा २०६२/६३ को लोकतान्त्रिक आन्दोलन होस् , यी सबैमा युवाहरू अग्रपंक्तिमा उभिएका थिए। उनीहरूले आफ्ना व्यक्तिगत सपना, शिक्षा, परिवार र भविष्यलाई समेत त्यागेर राष्ट्रको परिवर्तन र न्यायको खोजीमा आफूलाई समर्पित गरेका थिए।

ती युवाहरूका लागि राजनीति केवल सत्ता प्राप्तिको माध्यम थिएन, बरु समानता, स्वतन्त्रता, पहिचान र अधिकारको लडाइँ थियो। सडक आन्दोलनमा लाठी र गोलीको सामना गर्ने, भूमिगत रूपमा संगठन विस्तार गर्ने, जेल र यातना सहने, तथा कतिपय अवस्थामा ज्यान गुमाउनेसम्मको साहस युवाहरूले देखाएका थिए। उनीहरूको बलिदानकै परिणामस्वरूप नेपालले निरंकुश शासनबाट लोकतन्त्रतर्फको यात्रा तय गर्न सफल भयो। त्यसैले नेपालको वर्तमान राजनीतिक संरचना "संघीय लोकतान्त्रिक गणतन्त्र" युवाहरूको त्याग र संघर्षको प्रतिफल हो तर विडम्बनापूर्ण रूपमा, आजको समयमा ती युवाहरूको योगदान क्रमश ओझेलमा पर्दै गएको देखिन्छ। इतिहासका पानाहरूमा सीमित भएका उनीहरूको कथा जनमानसमा जीवित रूपमा उपस्थित हुन सकेको छैन। सहिदहरूको सम्झना औपचारिक कार्यक्रमहरूमा सीमित हुँदै गएको छ, र उनीहरूको आदर्श तथा उद्देश्यलाई व्यवहारमा उतार्ने प्रयास कमजोर हुँदै गएको छ।

नयाँ पुस्ताले आजको स्वतन्त्रता, अधिकार र अवसर हरूको लाभ त उठाइरहेको छ तर ती उपलब्धिहरू कसरी प्राप्त भए भन्नेबारे गहिरो ज्ञान र संवेदनशीलताको अभाव देखिन्छ साथै वर्तमान सामाजिक र आर्थिक परिवेशले पनि युवाहरूलाई विगतको इतिहासबाट टाढा बनाइरहेको छ। वैदेशिक रोजगारी, प्रविधिको तीव्र विकास, र व्यक्तिगत सफलता केन्द्रित सोचका कारण सामूहिक संघर्षको भावना कमजोर हुँदै गएको छ। राजनीतिक नेतृत्वप्रति बढ्दो अविश्वास र निराशाले पनि युवाहरूलाई इतिहासप्रति उदासीन बनाएको छायस्तो अवस्थामा, नेपालका विभिन्न ऐतिहासिक आन्दोलनहरूमा युवाहरूको भूमिकालाई पुनः स्मरण र पुनर्मूल्यांकन गर्नु अत्यन्त आवश्यक छ। यो केवल विगतको गौरवगान मात्र होइन, वर्तमान र भविष्यका लागि मार्गदर्शन पनि हो। यदि हामीले ती संघर्ष, बलिदान र मूल्यहरूलाई सही रूपमा बुझ्न र सम्मान गर्न सकेनौँ भने, लोकतन्त्रको आधार नै कमजोर हुन सक्छ। स्मरणतः

### २०४६ सालको जनआन्दोलनमा युवाहरूको ऐतिहासिक योगदान

वि.सं. २०४६ साल (सन् १९९०) को जनआन्दोलन नेपालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापनाको निर्णायक ऐतिहासको रूपमा स्थापित भएको छ, जसमा युवाहरूको भूमिका अत्यन्त महत्वपूर्ण र निर्णायक थियो। तत्कालीन पञ्चायती व्यवस्थाविरुद्ध नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराई र गणेशमान सिंह लगायत वामपन्थी नेताहरूको नेतृत्वमा आन्दोलन अघि बढ्दै जाँदा, यसको वास्तविक शक्ति भने विद्यार्थी र युवा वर्ग नै थिए। त्रिचन्द्र क्याम्पस, पाटन क्याम्पस र रत्नराज्य क्याम्पस जस्ता शिक्षण संस्थाहरू आन्दोलनका प्रमुख केन्द्र बने, जहाँबाट व्यापक जनसहभागिता र विरोध प्रदर्शन संगठित गरिन्थ्यो। नेपाल विद्यार्थी संघ (नेविसंघ) र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) जस्ता विद्यार्थी संगठनहरूले आन्दोलनलाई देशव्यापी बनाउँदै सडक संघर्षलाई तीव्रता दिएका थिए। विशेषतः चैत २४, २०४६ मा काठमाडौँ लगायत देशभर भएका प्रदर्शनहरूमा सुरक्षाकर्मीको गोलीबाट धेरै युवाहरू सहिद भए, जसले आन्दोलनलाई अझ सशक्त र निर्णायक बनायो। अन्ततः ती युवाहरूको अदम्य साहस र बलिदानकै परिणामस्वरूप राजा वीरेन्द्र शाह बहुदलीय प्रजातन्त्र पुनःस्थापना घोषणा गर्न बाध्य भए, जसले नेपालको लोकतान्त्रिक यात्रामा नयाँ अध्यायको सुरुवात गर्‍यो।

### २०५२ देखि २०६२ सम्मको सशस्त्र जनयुद्धमा युवाहरूको योगदान

वि.सं. २०५२ देखि २०६२ सम्म चलेको सशस्त्र जनयुद्ध नेपालको राजनीतिक इतिहासको अत्यन्त रक्तरञ्जित र निर्णायक अध्यायका रूपमा स्थापित भएको छ, जसमा युवाहरूको भूमिका केन्द्रीय र व्यापक रहेको थियो। पुष्पकमल दाहाल (प्रचण्ड) को नेतृत्वमा सुरु भएको यस विद्रोहमा मुख्य रूपमा ग्रामीण भेगका हजारौँ युवाहरू सहभागी भए, जसले "जनमुक्ति सेना" (एीब) को मुख्य आधार तयार गरे। राज्यको संरचनात्मक असमानता, गरिबी, सामाजिक विभेद र राजनीतिक उपेक्षाविरुद्धको विद्रोहका रूपमा सुरु भएको यो युद्धमा युवाहरूले आफ्नो भविष्य, शिक्षा र पारिवारिक जीवनलाई समेत त्याग्दै सशस्त्र संघर्षमा होमिए।यस १० वर्षे द्वन्द्वमा करिब १७ हजारभन्दा बढी मानिसहरूको ज्यान गएको तथ्यांक पाइन्छ, जसमा ठूलो हिस्सा युवा वर्गकै थियो। एकातिर विद्रोही पक्षमा युवाहरू बन्दुक बोकेर क्रान्तिको सपना पछ्याइरहेका थिए भने अर्कोतर्फ राज्य पक्षबाट नेपाल सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी मा आबद्ध युवाहरूले पनि जीवनको जोखिम मोलेर युद्ध लडे।

अन्ततः यो द्वन्द्व २०६३ सालमा शान्ति प्रक्रियामा परिणत भयो, जसले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रतर्फ अग्रसर गरायो। तर यस उपलब्धिसँगै युद्धले हजारौँ युवाहरूको जीवन गुमायो, परिवारहरू विखण्डित गर्‍यो र बाँकी बचेका युवाहरूमा गहिरो मनोवैज्ञानिक आघात छोड्यो। त्यसैले, यस जनयुद्धलाई केवल राजनीतिक परिवर्तनको माध्यमका रूपमा मात्र होइन, युवाहरूको अपार बलिदान र पीडाले भरिएको यथार्थका रूपमा पनि स्मरण गर्न आवश्यक छ।

### २०६२/६३ को जनआन्दोलनमा युवाहरूको निर्णायक भूमिका

वि.सं. २०६२/६३ (सन् २००६) को दोस्रो जनआन्दोलन, जसलाई लोकतान्त्रिक आन्दोलन वा जनआन्दोलन २ का रूपमा पनि चिनिन्छ, नेपालमा निरंकुश राजतन्त्रविरुद्धको एक ऐतिहासिक, व्यापक र निर्णायक जनविद्रोह थियो, जहाँ युवाहरूको भूमिका केवल सहभागितामा सीमित नभई नेतृत्वदायी र प्रेरक शक्तिका रूपमा देखिएको थियो। तत्कालीन राजा ज्ञानेन्द्र शाह ले २०६१ माघ १९ मा प्रत्यक्ष शासन सम्हालेपछि देशमा राजनीतिक स्वतन्त्रता, नागरिक अधिकार र अभिव्यक्ति स्वतन्त्रतामा कडा नियन्त्रण लगाइएको थियो। यही निरंकुशताविरुद्ध सात दलको गठबन्धन र माओवादीबीच भएको १२ बुँदे समझदारी (२०६२) ले आन्दोलनलाई संगठित र सशक्त बनायो, देशभरका हजारौँ विद्यार्थी, युवा र सर्वसाधारण स्वतःस्फूर्त रूपमा सडकमा उत्रिए।

काठमाडौँ उपत्यकाका रत्नपार्क, कलंकी, गोंगबु, महाराजगञ्ज, चाबहिल लगायत स्थानहरू आन्दोलनका प्रमुख केन्द्र बन्यो भने पोखरा, विराटनगर, नेपालगञ्ज, जनकपुर, बीरगन्जमा पनि युवाहरूको उल्लेखनीय उपस्थिति देखियो। कर्फ्यु, निषेधाज्ञा, सञ्चारमाध्यममाथिको नियन्त्रण र सुरक्षाकर्मीको कडा दमनका बाबजुद युवाहरूले दैनिक रूपमा जुलुस, नारा, धर्ना र विरोध कार्यक्रमलाई निरन्तरता दिए। विश्वविद्यालय र क्याम्पसहरू आन्दोलनको योजनास्थल मात्र होइन, चेतनाको केन्द्र पनि बने, जहाँबाट आन्दोलनलाई वैचारिक र संगठनात्मक दिशा दिइन्थ्यो।यस आन्दोलनको क्रममा सुरक्षाकर्मीको गोली, लाठीचार्ज र दमनका कारण दर्जनौँ युवाहरूले सहादत प्राप्त गरे भने सयौँ घाइते र हजारौँ पक्राउ परे। तर दमनले आन्दोलनलाई कमजोर बनाउनुको सट्टा अझ सशक्त बनायो, जसमा युवाहरूको साहस, एकता र प्रतिबद्धता स्पष्ट देखिन्थ्यो। अन्ततः व्यापक जनदबाबका कारण वैशाख ११, २०६३ मा राजा ज्ञानेन्द्रले विघटित संसद् पुनःस्थापना गर्न बाध्य भए, जसले निरंकुश राजतन्त्रको अन्त्य र लोकतान्त्रिक प्रक्रियाको पुनःआरम्भ सुनिश्चित गर्‍यो। यस आन्दोलनको प्रत्यक्ष प्रभावस्वरूप नेपालमा शान्ति प्रक्रिया अगाडि बढ्यो, माओवादी मुख्यधारमा आए, र २०६५ सालमा संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भयो। यी सबै ऐतिहासिक उपलब्धिहरूको मूलमा युवाहरूको त्याग, संघर्ष र बलिदान रहेको स्पष्ट देखिन्छ।

### मधेस आन्दोलन र थारु आन्दोलनमा युवाहरूको योगदान

मधेस आन्दोलन र थारु आन्दोलन नेपालको समावेशी राज्य संरचना निर्माणका लागि भएका महत्वपूर्ण संघर्षहरू हुन्, जहाँ युवाहरूको भूमिका अत्यन्त सक्रिय, ऊर्जाशील र निर्णायक रूपमा देखिन्छ। वि.सं. २०६३-२०६४मा सुरु भएको मधेस आन्दोलन, जसमा उपेन्द्र यादव लगायतका नेताहरूको नेतृत्व रहे पनि यसको वास्तविक शक्ति भने मधेसी युवाहरू नै थिए। माघ २०६३ देखि सिरहा, जनकपुर, वीरगञ्ज लगायतका क्षेत्रमा चर्किएको आन्दोलनमा हजारौँ युवाहरू सडकमा उत्रिए र समान अधिकार, समावेशी प्रतिनिधित्व, संघीयता साथै पहिचानको मागलाई सशक्त रूपमा उठाए। यस क्रममा सुरक्षाकर्मीको दमन र झडपका कारण दर्जनौँ युवाहरूले ज्यान गुमाए भने धेरै घाइते भए, जसले आन्दोलनलाई अझ तीव्र र भावनात्मक बनायो।

यसैगरी, वि.सं. २०७२ मा नयाँ संविधान जारी भएपछि थारु समुदायले पनि आफ्नो पहिचान, अधिकार र न्यायका लागि आन्दोलन सुरु गर्‍यो, जहाँ थारु युवाहरू अग्रपंक्तिमा देखिए। विशेषतः भदौ २०७२ को टीकापुर घटनाक्रम यस आन्दोलनको सबैभन्दा संवेदनशील र रक्तरञ्जित अध्याय बन्यो, जहाँ हिंसात्मक झडपमा सुरक्षाकर्मी तथा सर्वसाधारणको ज्यान गयो र देशभर गम्भीर राजनीतिक तथा सामाजिक बहस सिर्जना भयो। यी दुवै आन्दोलनहरूमा युवाहरूले केवल आन्दोलनको संख्या बढाउने काम मात्र गरेनन्, बरु आफ्नो पहिचान, अधिकार र समानताको लागि दृढतापूर्वक आवाज उठाउँदै राज्य संरचनामा समावेशीताको आवश्यकता उजागर गरे। परिणामस्वरूप, यी आन्दोलनहरूले नेपालको संघीय संरचना, समावेशी नीति र प्रतिनिधित्वसम्बन्धी बहसलाई बलियो बनाउँदै नयाँ राजनीतिक दिशातर्फ डोर्‍याउने काम गरेका छन्।

### ती युवाहरू लोपोन्मुख हुन पुग्नुका कारणहरू

इतिहासका विभिन्न निर्णायक मोडहरूमा महत्वपूर्ण योगदान दिएका ती साहसी युवाहरू आज किन क्रमशः ओझेलमा पर्दै गइरहेका छन् भन्ने प्रश्न गम्भीर चिन्ताको विषय बनेको छ। यसको पहिलो कारण इतिहासको

> नेपालमा जनआन्दोलन, जनयुद्ध वा क्षेत्रीय आन्दोलनहरूमा सहभागी भएका हजारौँ युवाहरूका अनुभव, पीडा र योगदानलाई व्यवस्थित रूपमा अभिलेख राख्ने, अनुसन्धान गर्ने र पुस्तान्तरण गर्ने परम्परा बलियो बन्न सकेको छैन परिणामस्वरूप, धेरै युवाहरूका कथा समयसँगै हराउँदै गएका छन्।

कमजोर दस्तावेजीकरण हो। नेपालमा जनआन्दोलन, जनयुद्ध वा क्षेत्रीय आन्दोलनहरूमा सहभागी भएका हजारौँ युवाहरूका अनुभव, पीडा र योगदानलाई व्यवस्थित रूपमा अभिलेख राख्ने, अनुसन्धान गर्ने र पुस्तान्तरण गर्ने परम्परा बलियो बन्न सकेको छैन परिणामस्वरूप, धेरै युवाहरूका कथा समयसँगै हराउँदै गएका छन्। दोस्रो, राजनीतिक स्वार्थले पनि ती बलिदानहरूको अवमूल्यन गरेको देखिन्छ, विभिन्न दल र नेताहरूले आन्दोलनका उपलब्धिहरूलाई आफ्नो पक्षमा व्याख्या गर्ने तर वास्तविक सहिद र संघर्षशील युवाहरूको योगदानलाई व्यवहारमा सम्मान र न्याय दिन नसक्ने प्रवृत्तिले इतिहासलाई विकृत बनाएको छ।

तेस्रो, बढ्दो विदेश पलायन (ब्रेन ड्रेन) ले पनि यो विस्मरणलाई तीव्र बनाएको छ। रोजगारी, शिक्षा र राम्रो भविष्यको खोजीमा ठूलो संख्यामा युवाहरू विदेशिँदा उनीहरू राष्ट्रिय इतिहास, आन्दोलन र सामूहिक चेतनासँग टाढिँदै गएका छन्। चौथो, शिक्षा प्रणालीमा आन्दोलनहरूको गहिरो, आलोचनात्मक र यथार्थपरक अध्ययनको अभावले नयाँ पुस्तालाई केवल सतही जानकारीमा सीमित बनाएको छ, जसले इतिहासलाई प्रेरणाको स्रोतभन्दा पनि औपचारिक विषयमा रूपान्तरण गरेको छ। अन्ततः, समकालीन युवाहरूमा बढ्दो राजनीतिक निराशा, अविश्वास र उदासीनताले पनि विगतका संघर्षप्रति चासो घटाएको छ. जब बलिदानपछि पनि अपेक्षित परिवर्तन व्यवहारमा अनुभूत गर्न सकिदैन तब इतिहासप्रतिको सम्मान र सम्बन्ध कमजोर हुँदै जान्छ। यी सबै कारणहरूको संयुक्त प्रभावले विगतका महान संघर्षहरू आज केवल औपचारिक सम्झना, वार्षिकोत्सव र भाषणमा सीमित हुँदै गएका छन्, जसले इतिहासलाई जीवित प्रेरणाको स्रोत बनाउने सम्भावनालाई कमजोर बनाइरहेको छ।

### नयाँ पुस्ताको अप्रत्याशित राजनीतिक उदय

हालका वर्षहरूमा नेपालको राजनीतिमा नयाँ पुस्ताको अप्रत्याशित उदय अझ स्पष्ट र प्रभावशाली रूपमा देखिएको छ, जसले परम्परागत राजनीतिक संरचना, नेतृत्व शैली र कार्यप्रणालीमाथि गहिरो प्रश्न उठाएको छ। लामो समयदेखि स्थापित दलहरूप्रति बढ्दो असन्तोष, भ्रष्टाचार, अपारदर्शिता तथा जनअपेक्षाअनुसार काम हुन नसकेको अवस्थाले युवाहरूलाई वैकल्पिक राजनीतिक मार्ग खोज्न प्रेरित गरेको हो। सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म र स्वतन्त्र अभिव्यक्तिका माध्यमहरूले युवाहरूलाई संगठित, सचेत र सक्रिय बनाउँदै राजनीतिक सहभागितामा नयाँ ऊर्जा थपेको देखिन्छ।

विशेषतः काठमाडौँ महानगरपालिकामा बालेन्द्र शाह (बालेन) को स्वतन्त्र उम्मेदवारका रूपमा भएको विजयले परम्परागत राजनीतिमा ठूलो तरंग सिर्जना गर्‍यो। यसले देखायो कि युवा पुस्ता अब केवल मतदाता मात्र होइन, नेतृत्व गर्ने क्षमतासहितको निर्णायक शक्ति बनिसकेको छ। यही प्रवृत्ति २०८२ सालको निर्वाचनमा अझ सशक्त रूपमा देखा पर्‍यो, जहाँ स्वतन्त्र तथा नयाँ अनुहारहरू विशेषतः युवा उम्मेदवारहरूले उल्लेखनीय सफलता हासिल गर्दै स्थापित दलहरूको प्रभावलाई चुनौती दिए। यस चुनावले "शान्त राजनीतिक विद्रोह" को झल्को दिँदै जनतामा नयाँ विकल्पप्रतिको विश्वास बढेको संकेत गरेको छ।

यो नयाँ राजनीतिक उदय विगतका आन्दोलनहरूको निरन्तरता भए पनि यसको स्वरूप र शैली फरक छ। पहिलेका आन्दोलनहरू सडक संघर्ष, विरोध र बलिदानमा केन्द्रित थिए भने अहिलेको युवा राजनीति व्यावहारिकता, पारदर्शिता, सुशासन र प्रत्यक्ष परिणाममा केन्द्रित देखिन्छ। युवाहरू अब केवल नारामा सीमित नभई नीति, कार्यान्वयन र जवाफदेहितामा जोड दिन थालेका छन्।

### सम्मान, समन्वय र सामञ्जस्यको आवश्यकता


नेपालको दीर्घकालीन शान्ति, लोकतन्त्र र समृद्धिको आधार निर्माण गर्न विगतका युवाहरूको बलिदानलाई केवल औपचारिक रूपमा सम्झने होइन, त्यसलाई व्यवहारमा उतार्दै सम्मान, समन्वय र सामञ्जस्यको संस्कृति विकास गर्नु अत्यन्त आवश्यक छ। इतिहासमा विभिन्न आन्दोलन, संघर्ष र परिवर्तनका क्रममा ज्यान गुमाएका सहिदहरू तथा घाइते भएका व्यक्तिहरूलाई राज्य र समाजले उचित सम्मान दिनुका साथै उनीहरूको परिवारको पुनर्स्थापना, सामाजिक सुरक्षा र गरिमापूर्ण जीवन सुनिश्चित गर्नु पहिलो दायित्व हो। यसले बलिदानको मूल्यलाई व्यवहारिक रूपमा स्वीकार गरेको प्रमाण दिन्छ।

नेपालका ऐतिहासिक आन्दोलनहरू, तिनमा युवाहरूको भूमिका र उनीहरूले बोकेका मूल्यहरूलाई शिक्षा प्रणालीमार्फत व्यवस्थित रूपमा पाठ्यक्रममा समावेश गर्नु आवश्यक छ, ताकि नयाँ पुस्ताले केवल तथ्य मात्र होइन, संघर्षको मर्म र त्यसको महत्व पनि बुझ्न सकोस्। इतिहासलाई जीवित र प्रेरणादायी बनाउन अनुसन्धान, साहित्य, सञ्चारमाध्यम र सार्वजनिक बहसलाई पनि सशक्त बनाउनुपर्ने देखिन्छ।अर्कोतर्फ, पुराना र नयाँ पुस्ताबीचको दूरी घटाउँदै संवाद र समन्वयको वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो। विगतका संघर्षमा सहभागी भएका अनुभवी पुस्तासँग नयाँ पुस्ताको ऊर्जा, नवीन सोच र प्रविधिमैत्री दृष्टिकोण जोड्न सकियो भने समाजमा सकारात्मक परिवर्तन सम्भव हुन्छ। यसले केवल अनुभव र उत्साहबीच सन्तुलन मात्र कायम गर्दैन, बरु निरन्तरता र नवीनताको संयोजन पनि सुनिश्चित गर्छ।यसैगरी, समावेशी र न्यायपूर्ण समाज निर्माण गर्नु पनि त्यत्तिकै अपरिहार्य पक्ष हो। विभिन्न जाति, क्षेत्र, भाषा, वर्ग र समुदायबीच समान अवसर, प्रतिनिधित्व र अधिकार सुनिश्चित गर्न सके मात्र विगतका आन्दोलनहरूको मूल उद्देश्य पूरा हुन्छ। अन्यथा, असन्तुष्टि र विभेदले पुनः द्वन्द्वको सम्भावना बढाउन सक्छ।

### निष्कर्ष

अन्ततः, यदि विगतका संघर्षका आदर्श, बलिदान र मूल्यहरूलाई वर्तमानका अपेक्षा र आवश्यकता सँग समन्वय गरी व्यवहारमा उतार्न सकियो भने मात्र नेपालले स्थायी शान्ति, सुदृढ लोकतन्त्र र दिगो समृद्धिको मार्ग समात्न सक्छ। यही सामञ्जस्य नै अतीतको अनुभव र भविष्यको आकांक्षाबीचको सेतु हो, जसले राष्ट्रलाई सन्तुलित र स्थिर दिशातर्फ अघि बढाउन सक्षम बनाउँछ।तर विडम्बनापूर्ण रूपमा, त्यही साहसी र रक्तरञ्जित इतिहास आज क्रमशः ओझेलमा पर्दै गएको छ, जसले नयाँ पुस्तालाई आफ्नो संघर्षपूर्ण विगतबाट टाढा पार्ने जोखिम सिर्जना गरेको छ। इतिहासलाई केवल स्मरणमा सीमित राखेर मात्र पुग्दैन, त्यसलाई व्यवहारमा सम्मान, शिक्षामा समावेश र सामाजिक मूल्यमा रूपान्तरण गर्नु आवश्यक छ साथै, नयाँ पुस्ताको उदयलाई सकारात्मक रूपमा ग्रहण गर्दै, पुराना अनुभव र नयाँ सोचबीच सन्तुलन कायम गर्नु आजको आवश्यकता हो। यदि हामीले विगतका युवाहरूको बलिदानलाई सही रूपमा बुझेर त्यसलाई वर्तमानका आवश्यकतासँग जोड्न सक्यौँ भने मात्र नेपालले स्थायी शान्ति, समावेशी लोकतन्त्र र समृद्ध भविष्यको मार्ग समात्न सक्छ अन्यथा, त्यो गौरवशाली इतिहास केवल शब्दमा सीमित भई वास्तविक प्रेरणाबाट टाढिँदै जाने खतरा रहिरहन्छ।

# नेपालमा विकिरण डोसिमेट्री सेवाको विस्तार र नियमन



डा. बुद्धराम शाह

विकिरण तथा रेडियोधर्मी पदार्थहरूको प्रयोग वैज्ञानिक अनुसन्धान, स्वास्थ्य, ऊर्जा र उद्योग क्षेत्रमा महत्त्वपूर्ण छ। रेडियोधर्मिताको अवधारणा उन्नाइसौँ शताब्दीको अन्त्यतिर विकसित भएको थियो। यसको प्रभाव र प्रयोगले बीसौँ शताब्दीभर मानव सभ्यतामा गहिरो छाप छोडेको पाइन्छ।

सन् १८९५ मा विल्हेम कोनार्ड रोएन्टजेनद्वारा एक्स-रेको खोज र त्यसपछि रेडियोधर्मिताको पहिचानले चिकित्सा विज्ञानमा क्रान्ति ल्यायो। यसै योगदानका लागि रोएन्टजनलाई सन् १९०१ मा भौतिकशास्त्रतर्फ पहिलो नोबेल पुरस्कारसमेत प्रदान गरियो।

एक्स-रेको आविष्कारपश्चात् हेनरी बेकेरेल तथा म्यारी स्क्लोडोभ्स्का क्युरीले सन् १८९६ मा रेडियोधर्मिताको खोज गरे। यस प्रक्रियामा परमाणुको नाभिक विखण्डन हुँदा केही नाभिकहरू (जस्तै; युरेनियम) बाट गामा तथा अल्फा र बिटा कणहरू उत्सर्जन हुने तथ्य पत्ता लाग्यो।

आधुनिक प्रविधिको विकाससँगै कुनै पनि तत्त्वको नाभिकलाई परिवर्तन गर्न सकिने कृत्रिम रेडियोधर्मिताको विकास भयो। समयक्रमसँगै आयोडिन- १३१, कोबाल्ट- ६०, टेक्नेसियम- ९९ रेडियो आइसोटोपहरू रियाक्टरमार्फत उत्पादन हुन थाले। रेडियो आइसोटोपहरूबाट निस्कने गामा विकिरणको प्रयोग रोगको निदान तथा उपचारमा व्यापक रूपमा हुन थाल्यो। यसले चिकित्सा क्षेत्रमा रेडियोडायग्नोसिसलगायत उपचार र आणविक चिकित्सा पद्धतिको विकास गरायो।

दोस्रो विश्वयुद्धका क्रममा परमाणु बमको प्रयोग भएपछि रेडियोधर्मिताको विनाशकारी पक्ष स्पष्ट रूपमा उजागर भयो। यस घटनाले विश्व समुदायलाई परमाणु प्रविधिको शान्तिपूर्ण प्रयोगतर्फ उन्मुख गरायो। यसै सन्दर्भमा 'एटम फर पिस' अवधारणाअन्तर्गत सन् १९५७ मा अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) को स्थापना भयो। यस संस्थाको मुख्य उद्देश्य परमाणु तथा रेडियोधर्मी प्रविधिको शान्तिपूर्ण प्रयोग र प्रवर्द्धन गर्नुका साथै सुरक्षा मापदण्ड सुनिश्चित गर्नु रहेको थियो।

हाल आईएईएमा १८० भन्दा बढी सदस्य राष्ट्रहरू आबद्ध छन्। सन् १९८६ मा तत्कालीन सोभियत संघमा भएको चेर्नोबिल आणविक दुर्घटनाले पुनः विकिरणको जोखिम बढायो। यस दुर्घटनाको प्रभाव नेपालमा पनि अनुभूत हुन गयो। सो क्षेत्रबाट आयात हुने केही वस्तुहरूमा रेडियोधर्मी प्रदूषणको आशंकाका कारण सावधानी अपनाइयो।

नेपालमा वैज्ञानिक अनुसन्धानको क्रमबद्ध विकाससँगै विकिरण अनुगमन कार्यको पनि सुरुवात भयो। सन् १९८२ मा नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (हाल नास्ट) स्थापनापछि विकिरण अनुगमन प्रयोगशाला स्थापना गरियो। प्रयोगशालाले चेर्नोबिल दुर्घटनापछि नेपाल भित्रिने खाद्यवस्तुमा सिजियम-१३७ को मात्रा मापन गर्ने कार्य गर्‍यो। आयातित वस्तुहरूमा सिजियम-१३७ को मात्रा अन्तर्राष्ट्रिय मापदण्डभन्दा न्यून रहेको पुष्टि गर्‍यो। प्राप्त नतिजाले आमनागरिकमा व्याप्त रेडियोधर्मी विकिरणको त्रास न्यून गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो।

नेपालमा रेडियोधर्मिता अवधारणा ढिलो सुरु भए पनि हाल यसको प्रयोग र प्रभावमा बढोत्तरी हुँदै आएको पाइन्छ। नेपालमा एक्स-रे सेवा सन् १९३३ तिर प्रवेश गरेको तथ्यांकले देखाउँछ। यसैगरी, सन् १९९० देखि वीर अस्पतालबाट आणविक चिकित्सा सेवा प्रारम्भ भएको पाइन्छ।

प्रारम्भमा रेडियोधर्मिताको प्रयोग चिकित्सा क्षेत्रमा सीमित थियो। समयक्रमसँगै कृषि, उद्योग, अनुसन्धान र ऊर्जा क्षेत्रमा पनि यसको उपयोग विस्तार हुँदै गयो। हाल रेडियोआइसोटोपहरूको प्रयोगले चिकित्सा क्षेत्रमा निदान र उपचारमा उल्लेखनीय योगदान पुर्‍याएको छ। रेडियोधर्मी पदार्थको प्रयोगसँगै यसबाट जनस्वास्थ्य र वातावरणमा पर्न सक्ने जोखिम न्यूनीकरण गर्नु आवश्यक हुन्छ। अन्तर्राष्ट्रिय संस्थाहरूले विकिरण सुरक्षासम्बन्धी मापदण्ड र निर्देशिका जारी गर्दै आएका छन्।

सन् २००८ मा नेपाल अन्तर्राष्ट्रिय संस्था आईएईएको सदस्य बनेपछि विकिरण सुरक्षा तथा नियमनतर्फ थप व्यवस्थित पहलहरू प्रारम्भ भए। आईएईएको प्राविधिक सहयोगमा विकिरण सुरक्षाका लागि राष्ट्रिय पूर्वाधार विकास परियोजना सञ्चालनमा आयो। यस परियोजनामार्फत विकिरण सुरक्षासम्बन्धी कानुनी तथा संस्थागत पूर्वाधार विकास गरियो।

व्यक्तिगत डोसिमेट्री सेवा सुरु भई हाल देशभरका अस्पताल तथा विभिन्न संस्थामा कार्यरत विकिरणकर्मीहरू लाभान्वित भइरहेका छन्। विभिन्न क्षेत्रहरूमा बढ्दो रेडियोधर्मी विकिरणको प्रयोगसँगै यसबाट पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणका लागि गम्भीर हुनुसमेत आवश्यक छ।

नेपालले आईएईएको सदस्यता प्राप्त गरेपछि विकिरण सुरक्षासम्बन्धी पूर्वाधारहरूको विकासमा उल्लेखनीय प्रगति भएको छ। सन् २०१६ मा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) बाट यस पंक्तिकारकै पहलमा व्यक्तिगत डोसिमेट्री सेवाको औपचारिक सुरुवात गरियो।

हाल टीएलडी उपकरणमार्फत उक्त सेवा प्रदान गरिँदै आएको छ। डोसिमेट्री सेवाको सुरुवातसँगै यस क्षेत्रमा राज्यले भोग्दै आएको परनिर्भरता हटेको देखिन्छ। हाल यस सेवामा १,२०० भन्दा बढी विकिरणकर्मीहरू आबद्ध भई लाभान्वित भइरहेका छन्। रेडियोधर्मितासम्बन्धी कार्यको सुरुवातसँगै यस क्षेत्रलाई कानुनी मान्यता प्रदान गर्नु अर्को महत्त्वपूर्ण विषय थियो। लामो समयको गृहकार्यपछि नेपालको संसदद्वारा रेडियोधर्मी पदार्थ प्रयोग तथा नियमनसम्बन्धी ऐन, २०७७ पारित गर्‍यो।

यस ऐनले विकिरणजन्य क्रियाकलापहरूलाई नियमन गर्ने कानुनी आधार प्रदान गरेको छ। ऐनको परिच्छेद- ५ मा विकिरणबाट हुने सुरक्षा र संरक्षणसम्बन्धी कानुनी व्यवस्था गरिएको छ। साथै, ऐनले विकिरणजन्य पदार्थको प्रयोग सम्बधमा अनुगमन गर्न छुट्टै नियमनकारी निकाय गठन गर्ने प्रावधानसमेत गरेको छ। यो लेख शिलापत्रडटकमबाट संक्षिप्त रुपमा साभार गरिएको छ।

(लेखक नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)का प्रमुख/मुख्य वैज्ञानिक हुन्।)

## प्रतिनिधिसभा : सत्य निरूपण र बेपत्ता आयोगका छिटो पदाधिकारी नियुक्त गर्न माग



काठमाण्डु । प्रतिनिधिसभाको बुधबारको बैठकमा प्रमुख प्रतिपक्षी दलका नेता भीष्मराज आङ्देम्बेले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा छिटो पदाधिकारी नियुक्त गर्न माग गर्नुभएको छ।

नेता आङ्देम्बेलेसार्वजनिकनिकायमा पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष अध्यादेशबाट ती आयोगजस्ता संवेदनशील निकायमा पनि पदाधिकारी हटाउँदा शान्ति प्रक्रियाका बाँकी कामलाई किनारा लगाउन ढिला हुने बताउनुभयो।

"ती आयोगलाई छिटो सक्षम र निष्पक्ष व्यक्ति ल्याएर सक्रिय पार्न जरूरी छ। द्वन्दका पीडितको दीर्घकालीन सङ्घर्ष निकै लम्बियो। यसमा गहिरो अन्तरराष्ट्रिय चासो पनि छ", नेता आङ्देम्बेले भन्नुभयो, "विस्तृत शान्ति सम्झौताको दुई दशक बितिसक्दा पनि द्वन्द्वपीडितहरू न्याय पाउनबाट वञ्चित छन्।

यस विषयमा संयुक्त राष्ट्रसङ्घका विशेष प्रतिवेदक बर्नार्ड दुहाइमले आगामी जुनमा नेपालको भ्रमण गर्दैछन् भन्ने सुनिन्छ। विस्तृत शान्ति सम्झौता, सर्वोच्च अदालतका फैसला र अन्तरराष्ट्रिय मापदण्ड अनुकूल बनाउन विद्यमान कानुनमा तेस्रो संशोधन गरिए ता पनि अझै धेरै कानुनी कमजोरी बाँकी छन्न्। नयाँ नियुक्ति गर्नुअघि ती कमजोरी सुधार्न सरकारको ध्यान जाओस्।" रासस

## अर्थमन्त्रीको 'मिसन मोड' :
# यस्ता छन् बजेटमा निजी क्षेत्रका सुझाव

"हाम्रो विश्वास छ, यी प्राथमिकताले आर्थिक वृद्धि, रोजगारी, सामाजिक न्याय, उत्पादकता, प्रतिस्पर्धात्मकता र नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने आधार निर्माण गर्नेछन्।"



काठमाण्डु । सरकारले आगामी आर्थिक वर्षको बजेटको तयारी गरिरहेको बेला निजी क्षेत्रले अर्थतन्त्रको संरचनागत सुधार गर्ने गरी रूपान्तरणकारी बजेट ल्याउन सरकारलाई सुझाव दिएको छ।

अर्थतन्त्रको वर्तमान मोडेलमा आमुल परिवर्तन गर्न निजी क्षेत्रले सरकारलाई सुझाव मात्रै दिएको छैन, त्यसका लागि पूर्ण रुपमा सहयोगी बनेर अगाडि बढ्ने प्रतिबद्धतासमेत जनाएको छ।

राजनीतिक रुपमा सरकार पनि नयाँ विचार र सोचसहितको छ। यस्तै, नेपाल उद्योग वाणिज्य महासङ्घमा पनि नयाँ नेतृत्व चयन भएको छ। अर्थतन्त्रको मोडलमा आमूल परिवर्तन हुने विश्वास सरोकारवालाले व्यक्त गरेका छन्।

सङ्घीय संसद्का दुवै सदनबाट विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्त पारित भइसकेको छ। संविधानको निदृष्ट गरेअनुरुप यही जेठ १५ अर्थमन्त्रीले सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठक मार्फत बजेट सार्वजनिक गर्नुहुनेछ।

महासङ्घले अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई बजेटका सुझाव पेस गर्दै महासङ्घले आगामी बजेट केबल सामान्य वार्षिक दस्तावेज मात्र नभई नेपालको आर्थिक इतिहासकै विशिष्ट मोडमा आउन लागेको जनाउँदै अर्थतन्त्रको वर्तमान मोडेलमा आमूल परिवर्तन गर्न सुझाव दिएको छ।

अर्थमन्त्री डा वाग्लेले पनि नागरिकले अब भाषण होइन, परिणाम खोजेको उल्लेख गर्दै कानुनी सुधार, संस्थागत उत्तरदायित्व, समयसीमा, डिजिटल ट्र्याकिङ, प्रत्यक्ष अनुगमन र परिणाम मापनलाई राज्य सञ्चालनको केन्द्रमा राखिएको बताउनुभएको छ। उहाँले पहिलो पटक मिसन मोडका आधारमा अगाडि बढ्न खोजेको स्पष्ट पार्नुभएको छ।

निजी क्षेत्रले खस्कँदो व्यावसायिक मनोबल उकास्न, बजारमा माग सिर्जना गर्न र रोकिएको लगानी पुनःआर्किषित गर्न, रोजगारी सिर्जना गर्नेगरी बजेटमा नीतिगत सुधारको सुझाव दिएको छ।

महासङ्घका नवनिर्वाचित अध्यक्ष अञ्जन श्रेष्ठका अनुसार हालै सार्वजनिक भएको '६ स्तम्भ, ६० पहल' सहितको साझा राष्ट्रिय रूपरेखाले सरकारकै नीति तथा कार्यक्रमलाई सहयोग गर्छ।

विप्रेषण र आयातमा आधारित अर्थतन्त्रले दीर्घकालीन समृद्धि दिन नसक्ने बुझाइमा निजी क्षेत्र पनि पुगेको छ। त्यसकारण पनि रुपान्तरणकारी बजेट आउनेमा निजी क्षेत्र आशावादी छ। चालु आवको नौ महिनासम्म कुल रु १६ खर्ब ५९ अर्ब बराबरको विप्रेषण आप्रवाह भएको छ। विप्रेषणको ठूलो हिस्सा उपभोगमा खर्च हुने गरेको छ। आयातमा आधारित अर्थतन्त्रका कारण उद्योग क्षेत्र विस्तार हुन सकेको छैन। बैंक तथा वित्तीय संस्थामा तरलता बढे पनि लगानी विस्तार हुन सकेको छैन।

हरेक वर्ष कर नीति बदलिने प्रवृत्तिले लगानीकर्ताको विश्वास गुमेको महासङ्घका अध्यक्ष श्रेष्ठको भनाइ छ। निजी क्षेत्रले सालबसाली आर्थिक ऐनको अस्थिर अभ्यास अन्त्य गरी व्याख्यासहितको एकल राजस्व संहिता लागू गर्न र अधिकार सम्पन्न राजस्व बोर्डको गठन गर्न माग गर्दै आएको छ।

आगामी बजेटले अर्थतन्त्रको मोडेलमै रूपान्तरणको जग बसाल्ने उल्लेख गर्दै अर्थमन्त्रीले क्रमशःसुधारका धेरै काम अगाडि बढाउने निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिहरुसँगको भेटमा बताउँदै आउनुभएको छ।

महासङ्घका अनुसार, हाल मुलुकको औद्योगिक उत्पादन क्षमता ४० प्रतिशतमा सीमित भएको छ। निर्माण उद्योग इतिहासकै कठिन मोडमा पुगेको, कुल गार्हस्थ्य पुँजी निर्माणमा निजी क्षेत्रको योगदान विगत चार वर्षमा २८ प्रतिशतबाट घटेर १६ प्रतिशतमा झरेको अवस्थालाई ध्यानमा राखेर बजेट आउनुपर्ने महासङ्घको कथन छ। पछिल्लो पटक मध्यपूर्वमा विकसित सङ्कटका कारण नेपालको वैदेशिक रोजगारी, विप्रेषण र विदेशी मुद्रा सञ्चितिका साथै समग्र अर्थतन्त्रमा झण्डै एक दशमलव आठ प्रतिशत बराबरको नकारात्मक असर पर्नसक्ने महासङ्घको अनुमान छ।

यस्तै, नेपालले पाइरहेको जनसाि्यक लाभ पनि क्रमशः समाप्त हुँदै जाने भएकाले विप्रेषणले धानिरहेको अर्थतन्त्रबाट तत्काल उत्पादनले धान्ने अर्थतन्त्रतर्फ जानुको विकल्प नरहेकोमा निजी क्षेत्र जानकार छ।

यसैगरी, नेपाल अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नतिको पृष्ठभूमिमा स्तरोन्नतिपछि नेपालले पाउँदै आएको प्राथमिकताप्राप्त बजार पहुँच गुम्ने र ढुवानी तथा वित्तीय लागतका कारण नेपाली उत्पादन थप कमजोर हुने जोखिम पनि छ।

महासङ्घले यसका लागि निर्यातजन्य उद्योग (कपडा, कार्पेट, गार्मेन्ट, पश्मिना, फेल्ट) का लागि विशेष र दीर्घकालीन एकीकृत नीति ल्याउनुपर्नेमा जोड दिएको छ।

नेपाली कम्पनीलाई क्षेत्रीय र अन्तरराष्ट्रियस्तरमा विस्तारका लागि निर्यातबाट आर्जित आम्दानीको निश्चित हिस्सा विदेशमा लगानी गर्न पाउने कानुनी व्यवस्था गनुपर्ने निजी क्षेत्रको ले माग गरेको छ।

खुला सीमाबाट हुने चोरीपैठारी नियन्त्रण गर्न र साफ्टाअन्तर्गत तयारी वस्तु कच्चा पदार्थभन्दा सस्तो आयात हुने विकृति तत्काल रोक्नुपर्नेछ।

रूग्ण उद्योग पुनः सञ्चालनका लागि विशेष कार्यक्रम, ऊर्जा, प्रसारण लाइन, पम्प स्टोरेज, सुरुङमार्ग र औद्योगिक क्षेत्रमा बुट र पिपिपी मोडेल प्रभावकारी बनाउन तथा भायबिलिटी ग्याप फण्डमार्फत निजी लगानी प्रोत्साहन गर्नुपर्नेमा जोड दिइएको छ।

कृषि, पर्यटन, जडीबुटी, चिया, कफी, सूचना प्रविधि र सेवा निर्यातलाई उच्च प्राथमिकता दिँदै नेपाललाई उपभोक्ता बजारबाट उत्पादन र सेवा निर्यात गर्ने राष्ट्र बनाउन निजी क्षेत्रले सरकारसँग बजेटमार्फत ठोस कदमको अपेक्षा राखेको अध्यक्ष श्रेष्ठको भनाइ छ।

निर्यात प्रवर्द्धनमा सहुलियत कृषि, पर्यटन, स्टार्टअप, साना तथा मझौला उद्योगको प्रवर्द्धनलगायत विभिन्न विषयगत श्रेत्रमा सुधारक लागि सरकालाई सुझाव दिएको छ। अर्थमन्त्री डा वाग्लले सरकार र निजी क्षेत्र मिलेरै काम गर्ने उल्लेख गर्दै बजेट सुशासन कायम गर्ने, निजी क्षेत्रको विकासमा बल पुग्ने, लगानी अभिवृद्धि गरी रोजगारी सिर्जना गर्न सहयोग गर्नेगरी आउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

नेपाल उद्योग परिसङ्घले आफ्ना सदस्यहरुसँग बजेटका बारेमा सुझाव दिन परिपत्र नै गरेको थियो। प्राप्त सुझावलाई लिपिबद्ध गरेर परिसङ्घले उद्योग तथा लगानी, प्रत्यक्ष विदेशी लगानी, कर नीति तथा प्रणाली, भन्सार, पर्यटन, कृषि, जडीबुटी तथा वनपैदावारसँग समेटिएका सुझाव अर्थमन्त्रीलाई बुझाएको छ।

यस्तै, ऊर्जा, सूचना प्रविधि क्षेत्र, बैंकिङ तथा वित्त, बिमा, सहकारी तथा पुँजीबजार, स्वदेशी उत्पादन प्रवर्द्धन, पूर्वाधार, स्वास्थ्य तथा शिक्षा, गैर कर, राजस्व चुहावट तथा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित सुझाव दिएको छ।

परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डे आयआर्जन र सम्पत्ति सिर्जनालाई सहयोग गर्नेगरी बजेट ल्याउन आफूहरुले सुझाव दिएको बताउनुहुन्छ। उहाँले अर्थतन्त्र विस्तार, रोजगारी सिर्जना तथा लगानी वृद्धिमा उल्लेख्य सुधार आई मुलुकको समृद्धिको यात्रामा महत्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको बताउनुभयो।

ठूला पूर्वाधारका परियोजनामा निजी क्षेत्रलाई आकर्षित गर्ने नीति लिन, उद्योगको स्वीकृत परियोजनाअनुसार आवश्यक जग्गामा हदबन्दी नलाग्ने व्यवस्था गरी अतिरिक्त जग्गा धितो राख्न पाउने प्रबन्ध गर्न परिसङ्घले सुझाव दिएको छ।

उद्योगलाई पहिलो प्राथमिकतामा राखी नीतिगत सुधार गर्दै यस्ता नीतिहरूको न्यूनतम १० वर्ष स्थायित्व सुनिश्चित गर्न, प्रतिस्पर्धी क्षमता भएका वस्तु केन्द्रित औद्योगिक विकास रणनीति बनाई लागू गर्न, रोजगारी, उत्पादन र आयात प्रतिस्थापनलाई केन्द्रमा राखी बजेट ल्याउन परिसङ्घले आग्रह गरेको छ।

अर्थमन्त्री डा वाग्लेले पाँच मार्गदर्शक सिद्धान्त सुशासनको लाभांश, अर्थतन्त्रको पुनःसंरचना, एकीकृत पूर्वाधार, सामाजिक लगानी र बहुआयामिक अन्तरराष्ट्रिय सम्बन्ध यिनै आधारमा प्राथमिकता निर्माण गरिएको दोहोऱ्याउँदै आउनुभएको छ। उहाँले भन्नुभएको छ, "हाम्रो विश्वास छ, यी प्राथमिकताले आर्थिक वृद्धि, रोजगारी, सामाजिक न्याय, उत्पादकता, प्रतिस्पर्धात्मकता र नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने आधार निर्माण गर्नेछन्।" रासस

# कोशी प्रदेशसभामा अध्यादेश पेश




विराटनगर। कोशी प्रदेशसभाको नवौँ अधिवेशनको बुधबार बसेको पहिलो बैठकमा 'प्रदेश खेलकुद (पहिलो संशोधन) अध्यादेश, २०८३ सभामा पेश भएको छ।

कोशी प्रदेश सरकारका सामाजिक विकासमन्त्री रामप्रसाद महतोले सो विधेयक पेस गर्दै उक्त विधेयकले प्रदेश खेलकुदलाई सक्षम एवं सुदृढ गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

बैठकमा नेपाली कांग्रेस कोशी प्रदेशसभा संसदीय दलका नेता उद्धव थापाले चालु अधिवेशनको सफलताको शुभकामना दिँदै अधिवेशनले सार्थकता पाओस् भन्नुभयो। उहाँले सरकारले ल्याउन लागेको वार्षिक नीति तथा कार्यक्रमले सबै क्षेत्रलाई समेट्न सकोस् भन्दै गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनले मुलुकलाई नयाँ ढङ्गले अघि बढाउन प्रेरित गरेको कुरामा जोड दिनुभयो।

नेता थापाले नयाँ सोच र विचारमा प्रभावित नीति तथा कार्यक्रम आउनुपर्ने धारणा राख्दै समृद्धिको बाटो खोल्न पर्यटन प्रवर्द्धनका निम्ति पूर्वाधारमा लगानी बढाउनुपर्ने बताउनुभयो। उहाँले कोशी प्रदेशसभाको सदस्यहरुको योजनालाई सरकारले प्राथमिकतामा राख्नुपर्ने भन्दै सरकार सुशासनको मार्गबाट पछि हट्न नहुने स्पष्ट पार्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी कोशी प्रदेशसभा संसदीय दलका उपनेता तिलकुमार मेङ् याङबो लिम्बूले अधिवेशनको शुभकामना दिने क्रममा संसदीय प्रणाली एवं व्यवस्था जीवित राख्न सरकार गम्भीर हुनुपर्ने कुरामा जोड दिनुभयो।

नेपाली कम्युनिष्ट पार्टी कोशी प्रदेशसभा संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले सङ्घीयता र संविधानप्रति सङ्घीय सरकार जिम्मेवार बन्नुपर्ने भन्दै सरकारका कारण कार्यपालिका र न्यायापलिकाबीच टकराव हुनुहुँदैन भन्नुभयो। उहाँले जनतालाई भरोसा दिन सक्ने सरकारको नीति तथा कार्यक्रम तथा बजेट आउनुपर्ने बताउँदै कानुन जिम्मेवारी लिन सक्ने र जवाफ दिन सक्ने हुनुपर्ने सुझाव दिनुभयो।


राष्ट्रिय प्रजातन्त्र पार्टी कोशी प्रदेशसभा संसदीय दलका तर्फबाट कोशी प्रदेशसभा सदस्य प्रेमराज थाम्साङले सरकारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम जनताको चाहना र विश्वासलाई पूरा गर्नसक्ने हुनुपर्ने बताउनुभयो। उहाँले अधिवेशनको शुभकामना दिने क्रममै शिक्षा, स्वास्थ्य, महँगी र गरिबी न्यूनीकरणमा सरकारको ध्यान जाओस् भन्नुभयो।

कोशी प्रदेश सरकारले बिहीबार अपराह्न ३:०० बजे आगामी आर्थिक वर्ष २०८३/८४ का लागि वार्षिक नीति तथा कार्यक्रम पेस हुनेबारे सभामुख अम्बरबहादुर विष्टले प्रदेश प्रमुखको कार्यालयबाट आएको पत्र पढेर सुनाउनुभएको थियो। रासस

# गणतन्त्रमा स्थानीय सरकारको महत्त्व र गरिमा व्यापक : राष्ट्रपति पौडेल

सुनसरी। राष्ट्रपति रामचन्द्र पौडेलले मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा आइसकेपछि स्थानीय सरकारको महत्त्व र गरिमा व्यापक र गहन भएको बताउनुभएको छ। सुनसरीको कोशी गाउँपालिकामा निर्माण भएको लौकही सिटी हल समुदघाटन समारोहलाई आज सम्बोधन गर्दै उहाँले जनताका न्यूनतम आधारभूत आवश्यकता, तथा जनचाहना अनुरूप विकासका कार्यलाई तिव्रता दिएर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूल्य, मान्यता र आदर्श अनुरूपका कार्यहरू सवल बनाउनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "शान्ति, विकास र सुशासनको माध्यमबाट नै जनताको हित र चाहनासँगै संविधान र शासनप्रणालीले राखेको उद्देश्य पूरा हुन्छ। यसतर्फ तपाईंहरूले विशेष ध्यान दिनुहुनेछ भन्ने मैले आशा राखेको छु।"



राष्ट्रपति पौडेलले स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार भएको उल्लेख गर्दै जनअपेक्षा अनुरूप सेवा प्रवाह गर्नु, सुविधा उपलब्ध गराउनु तथा विकासका कार्यहरू सञ्चालन गर्नु स्थानीय सरकारको महत्त्वपूर्ण दायित्व भएको बताउनुभयो। उहाँले भन्नुभयो, "यसै सन्दर्भमा यो ग्रामीण क्षेत्रमा यस्तो आधुनिक तथा बहुउपयोगी सिटी हलको निर्माण हुनु निकै सराहनीय छ। यो परियोजना विकासमा तीनै तहको सरकारबीच हुने सहकार्यको राम्रो उदाहरण पनि हो।" सप्तकोशी नदीको किनारमा रहको कोशी गाउँपालिका ऐतिहासिक एवं धार्मिक दृष्टिकोणले पनि महत्त्वपूर्ण ठाउँ भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले सप्तकोशी नदीको कुशाहाघाटमा प्रजातन्त्र प्राप्तिका लागि क्रान्ति भएकाले यो ठाउँको सम्बन्ध प्रजातान्त्रिक आन्दोलनसँग जोडिएको स्मरण गर्नुभयो।

उहाँले भन्नुभयो, "सप्तकोशी समिपमा महत्त्वपूर्ण धार्मिकस्थलहरू बराहक्षेत्रधाम, रामधुनी, पिण्डेश्वर, दन्तकाली तथा बुढासुब्बा मन्दिर छन्। तसर्थ यस क्षेत्रको भ्रमणबाट मलाई मनोरम अनुभुति पनि भएको छ।रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

सुचना प्रकाशन मितिः २०८३।०२।०७

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि. शाखा कार्यालय गौर, रौतहट।**

| क्र.सं | ग्राहक नं. | ग्राहकको नाम | प्रोप्राइटरको नाम | ऋणीको पिता/पतिको नाम | ऋणीको वाजे/ससुराको नाम | ठेगाना | मिसिल नं | उद्देश्य | सांवा | २०८२ चैत्र मसान्त सम्मको व्याज | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५३४६७२० | सियाराम राउट | | असर्फी राउट कुर्मी | श्री किसुन राउट | बौधीमाई,०३ | १२०७१ | कृषि उत्पादन कर्जा | ७९०,२०२।१३ | २५००० | ८१५,२०२।१३ |
| २ | ५२११११७ | जि.वान.एग्रो प्रोडक्ट एण्ड रिसर्च सेन्टर | सेख अबदुल मलिक | सेख मजरूल | सेख कुमाई | राजपुर,०३ | १२०३९ | भिटा परियोजना कर्जा | ५५००००० | १११,३८३।९७ | ५,६११,३८३।९७ |
| ३ | ५३२२४७१ | सिता गोट फार्म | सिता कुमारी | जुगुत पंडित | झमन पडिंत | गौर,०४ | १२०९२ | सरल कृषि कर्जा | १,१५०,००० | १२७,२१३।५४ | १,२७७,२१३।५४ |
| ४ | ५२१११९४ | आश नारायण राय | | शिवजी राय यादव | धनरूप राय यादव | माधव नारायण, ०६ | १२०२६ | भिटा परियोजना कर्जा | ४७६,९४२।५७ | ५२५९।८२ | ४८२,२०२।३९ |
| ५ | ९२०२०१ | तेत्री देवी | | हरिहर राय यादव | | सखुअवा, ०४ | ११३०७ | व्यापार कर्जा | २०६,०९८।४९ | १६,१६५।६६ | २२२,२६४।१५ |
| ६ | ९१९६५६ | फजील मिया धुनीया | | सम्सेर मिया धुनीया | फुदी मिया | जतहरा, ०५ | १०८०० | व्यापार कर्जा | २००००० | ३०००० | २३०,०००।०० |
| ७ | १८७२३१४ | धिरज निर्माण सेवा | निरज कुमार गुप्ता | इन्द्र देव साह | बिर्जु साह | गौर, ०४ | १२००६ | ग्यारेन्टी दावी कर्जा | ४,९५८,४६४।८८ | १०४,४२५।९९ | ५,०६२,८९०।८७ |
| ८ | ९१८५२८ | गिता झा | | सत्य नारायण चौधरी | नित्यनन्द चौधरी | दुर्गा भगवती,०४ | १०२७८ | घरायसी कर्जा | १२,९७८।०७ | १४,१३७।३४ | २७,११५।४१ |
| ९ | ९१८४०२ | कुशवाहा टाइल उद्योग | प्रमोद महतो कोइरी | नमोनारायण महतो | मनोहर महतो | गौर, ०५ | ११४४८ | उद्योग कर्जा | ६,०००,०००।०० | २७३,१५३।५५ | ६,३२१,३८३।५५ |
| १० | १९४६७८९ | दिक्षान्त ट्रेडर्स | मिरन कुमारी साह तेली | मुसफिर साह तेली | | माधव नारायण, ०३ | १२००५ | व्यापार कर्जा | ६,०००,०००।०० | ३१५,०३८।६० | ६,३१५,०३८।६० |
| ११ | १५८६७२५ | न्यू लक्ष्मी रेडिमेड सेन्टर | रंजीत कुमार साह तेली | आनन्दी साह तेली | सोनालाल साह | गौर ०६, गौर ०६ | ११८४० | व्यापार कर्जा | १,६००,०००।०० | ४१,५०७।१६ | १,६४१,५०७।१६ |
| १२ | ९१९५८१ | वासुदेव बैठा धोवी | | दोमी बैठा | | सखुअवा, ०२ | १०७४५ | व्यापार कर्जा | १७५,०००।०० | १७,१७८।३५ | १९२,१७८।३५ |
| १३ | १७२२१७९ | सोनम गार्मेन्ट उद्योग | रामाकान्त प्रसाद तेली | रामकृष्ण प्रसाद गुप्ता | जनक राउट | इनर्वा, ०२ | ११७७४ | उद्योग कर्जा | २,३५०,०००।०० | ११२,५१६।३१ | २,४६२,५१६।३१ |
| १४ | ९१९०४१ | राम बहादुर साह | | हरिन्दर साह | भागलु साह | गौर, ११,गौर ०७ | १०४३३ | सरल कृषि कर्जा | ९५०,०००।०० | ५७,४१२।०४ | १,००७,४१२।०४ |
| १५ | १७२९८२३ | धर्मेन्द्र प्रसाद पटेल | | लालबाबु प्रसाद कुर्मी | लक्ष्मी नारायण प्रसाद कुर्मी | इनर्वा, ०४ | ११९०५ | सरल कृषि कर्जा | ९००,०००।०० | २९,७९३।२० | ९२९,७९३।२० |
| १६ | १५३७४१० | कविता नेटवर्क | रविन्द्र साह | सुकदेव साह | ज्ञान साह | राजपुर,०५ | १०५६१ | उद्योग कर्जा | १,८००,०००।०० | १५३,९६७।८९ | १,९५३,९६७।८९ |

कृषि विकास बैंक लि.
प्रदेश कार्यालय बीरगंज, पर्सा

# सीमावर्ती सहरमा म्यान्मा सेनाको नियन्त्रण

रासस/एएफपी । म्यान्माको सेनाले थाइल्यान्ड सीमामा रहेको एक प्रमुख व्यापारिक सहर पुनः कब्जा गरेको दाबी गरेको छ । यसलाई सेनाले सीमा व्यापार र यातायात विस्तारका लागि महत्वपूर्ण उपलब्धि भएको रूपमा प्रस्तुत गरेको छ ।

म्यान्माको दक्षिणी सीमामा पर्ने मावटाउङ सहर अपेक्षाकृत सानो व्यापारिक केन्द्र हो । सरकारी तथ्याङ्कअनुसार आर्थिक वर्ष २०२३-२४ मा मात्र सो नाकाबाट करिब ६७ लाख मालवाहक आवागमन भएको थियो । यसले यस क्षेत्रको व्यापारिक महत्त्व झल्काउँछ ।

सेनाको दाबी अनुसार यो पुनः कब्जा हालैका महिनामा जातीय अल्पसंख्यक सशस्त्र समूह र प्रजातन्त्र समर्थक गुरिल्ला समूहविरुद्ध प्राप्त शृङ्खलाबद्ध सफलतामध्ये एक हो । सन् २०२१ मा भएको सैन्य कूपछि सुरु भएको सङ्घर्षमा विभिन्न मोर्चामा निरन्तर लडाइँ हुँदै आएको छ ।

सरकारी सञ्चारमाध्यमका अनुसार सेनाले गत नोभेम्बरमा मावटाउङको नियन्त्रण गुमाएको थियो । तर दुई हप्तासम्म चलेको प्रतिआक्रमणपछि मङ्गलबार पुनः नियन्त्रणमा लिइएको दाबी गरिएको छ ।

राज्य सञ्चालित अखबार 'द ग्लोबल न्यु लाइट अफ म्यान्मा' का अनुसार उक्त क्षेत्रमा २०० भन्दा बढी ठूला-साना झडप



भएका थिए । ती झडपहरूमा कम्तीमा २४ विपक्षी लडाकूहरूको मृत्यु भएको दाबी गरिएको छ । सेनाका केही सदस्यहरूले पनि 'वीरगति प्राप्त गरेको' उल्लेख भए पनि यकिन संख्या सार्वजनिक गरिएको छैन ।

उक्त पुनः नियन्त्रणपछि तनिन्थारी-मावटाउङ मार्ग हुँदै दुई देशबीच सीमापार व्यापार र यातायात गतिविधि पुनः सुरु हुने अपेक्षा गरिएको सेनाले जनाएको छ ।

म्यान्मामा सन् २०२१ मा भएको सैन्य कूले आङ सान सुकी नेतृत्वको निर्वाचित सरकारलाई हटाएपछि देशमा लामो राजनीतिक सङ्कट सुरु भएको हो । त्यसपछि लोकतन्त्र समर्थक आन्दोलन र विभिन्न जातीय सशस्त्र समूहबीच निरन्तर सङ्घर्ष चलिरहेको छ । सन् २०२३ को अन्त्यतिर विद्रोही समूहहरूले सेनामाथि ठूलो संयुक्त आक्रमण गर्दै केही क्षेत्रमा अग्रता हासिल गरेका थिए । तर हालका महिनामा त्यो अभियान सुस्त भएपछि सेनाले पुनः केही रणनीतिक क्षेत्रमा नियन्त्रण विस्तार गरेको देखिन्छ ।

सेनाले यसै महिनामा चीनतर्फ जाने प्रमुख उत्तरी राजमार्ग पुनः नियन्त्रणमा लिएको दाबी गरेको थियो भने गत महिना थाइल्यान्डसँगको सबैभन्दा व्यस्त व्यापार नाकातर्फ जाने सडक पुनः कब्जा गरेको घोषणा गर्दै समारोहसमेत आयोजना गरेको थियो ।

हालै सन् २०२३ को आक्रमणमा प्रमुख भूमिका खेलेका दुई जातीय अल्पसंख्यक सशस्त्र समूहले बेइजिङ-मध्यस्थतामा सहमति गरेको दाबी गरिएको छ, जसले कम प्रशिक्षित र कमजोर रूपमा सुसज्जित प्रजातन्त्र समर्थक समूहहरूलाई थप दबाबमा पारेको बताइन्छ ।

विश्लेषकहरूका अनुसार लोकतन्त्र समर्थक आन्दोलन राजनीतिक रूपमा क्रमशः कमजोर र बहिष्कृत हुने जोखिममा परेको देखिन्छ ।

पाँच वर्ष लामो सैन्य शासनपछि जुन्ताले कडा नियन्त्रणसहित चुनाव गराएको थियो । निर्वाचनमा आङ सान सुकीको पार्टीलाई भाग लिनबाट रोकिएको थियो । सो चुनावपछि सैन्य समर्थित समूहले ठूलो जित हासिल गरेको दाबी गरिएको थियो ।

सांसदहरूले पछि कु-नेता मिन आङ ह्लाइङलाई नागरिक राष्ट्रपति पदमा निर्वाचित गरेको घोषणा गरिएको थियो । यसलाई लोकतन्त्र पर्यवेक्षकहरूले उनको शासनलाई वैधता दिन गरिएको राजनीतिक प्रयासका रूपमा आलोचना गरेका छन् ।

यद्यपि चुनाव विवादास्पद भए पनि केही क्षेत्रीय मुलुकहरूले हाल म्यान्माको नयाँ प्रशासनसँग कूटनीतिक सम्बन्ध विस्तार गर्ने सङ्केत देखाउन थालेका छन् ।

# अभ्यास खेलमा नेपालद्वारा मलेसिया पराजित




काठमाण्डु । नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले घरेलु टोली मलेसियालाई पहिलो टि-२० अन्तरराष्ट्रिय खेलमा पराजित गरेको छ ।

मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा आज सम्पन्न खेलमा नेपालले मलेसियालाई दुई विकेटले पराजित गरेको हो । जितका लागि मलेसियाले दिएको ६८ रनको लक्ष्य पछ्याएको नेपालले १७.३ ओभरमा आठ विकेट गुमाउँदै पूरा गर्यो ।

नेपालका लागि सम्झना खड्काले सर्वाधिक ३२ रनको योगदान दिइन् । उनले ३९ बलमा दुई चौकाको सहयोगमा ३२ रन बनाएकी हुन् । त्यस्तै रुबी पोद्दारले १५ रन बनाउँदा कविता जोशीले छ जोडिन् ।

बलिङतर्फ मलेसियाकी नूर कलिसाले तीन विकेट लिइन् भने आइसा एलिसा र एल्सा हन्टरले समान दुई-दुई विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको मलेसियाले १६.५ ओभरमा सबै विकेट गुमाउँदै ६७ रनको योगफल बनाएको थियो ।

मलेसियाका लागि एल्सा हन्टरले सर्वाधिक १० रन बनाइन् । त्यस्तै, कप्तान मास एलिसाले आठ रन जोड्दा माहिरा इजाती र एर्दिना बेलले समान सात-सात रन बनाए ।

नेपालका लागि पूजा महतोले तीन विकेट लिइन् भने रिया शर्मा र मनिषा उपाध्यायले समान दुई-दुई विकेट लिए । कविता कुँवर र सीता रानामगरले समान एक-एक विकेट लिए ।

एसियन छनोट तथा एसिसी प्रिमियर कप खेल्न मलेसिया पुगेको नेपाली टोलीले मलेसियासँग दुई अभ्यास खेल खेल्न लागेको हो । नेपाल र मलेसियाबीचको दोस्रो खेल यही जेठ ८ गते हुनेछ । रासस

# द्वन्द्वको असर गाजाको स्वास्थ्य सेवामा, ७६ प्रतिशत उपकरण निष्क्रिय

रासस/एएफपी । गाजा क्षेत्रमा जारी द्वन्द्वका कारण अस्पतालहरूमा प्रयोग हुने करिब ७६ प्रतिशत चिकित्सकीय स्क्यान उपकरण हाल सञ्चालनबाहिर रहेको स्थानीय स्वास्थ्य अधिकारीहरूले अत्यन्त सम्मानपूर्वक जानकारी गराएका छन्, जसले बिरामी तथा घाइतेहरूको उपचार सेवामा गम्भीर चुनौती उत्पन्न गरेको छ ।

गाजास्थित स्वास्थ्य निकायअन्तर्गत चिकित्सकीय स्क्यान विभागका निर्देशक इब्राहिम अब्बासका अनुसार, हाल सञ्चालनमा रहेका अस्पतालहरूमा स्वास्थ्यकर्मीहरूले अत्यन्त कठिन परिस्थितिमा सीमित स्रोतसाधनका बीच सेवा निरन्तरता दिने प्रयास गरिरहेका छन् ।

उहाँले अधिकांश उपकरण पुराना तथा जीर्ण अवस्थामा रहेको उल्लेख गर्दै आवश्यक जगेडा पुर्जाको अभाव तथा मर्मतसम्भारमा आएको अवरोधका कारण नियमित सेवा प्रवाहमा थप कठिनाइ भइरहेको बताउनुभएको छ ।

उहाँका अनुसार जारी द्वन्द्वका क्रममा गाजामा रहेका सबै चुम्बकीय अनुनाद स्क्यान उपकरण नष्ट भएपछि उक्त सेवा पूर्ण रूपमा बन्द भएको छ । साथै, गणनात्मक स्क्यान, विकिरण स्क्यान तथा जटिल शल्यक्रियामा प्रयोग हुने अन्य महत्वपूर्ण उपकरणहरूको ठूलो हिस्सा पनि सञ्चालनबाहिर रहेको जनाइएको छ । उपलब्ध विवरणअनुसार द्वन्द्वअघि रहेका उपकरणमध्ये ठूलो भाग क्षतिग्रस्त वा निष्क्रिय अवस्थामा पुगेको छ, जसका कारण आपत्कालीन अवस्था, गम्भीर घाइते तथा जटिल रोगका बिरामीहरूको समयमै परीक्षण तथा उपचारमा उल्लेखनीय कठिनाइ भएको छ ।

यस अवस्थाले अस्पतालहरूको दैनिक कार्यप्रणाली, विशेषगरी आकस्मिक उपचार र शल्यक्रियाका निर्णय प्रक्रियामा प्रत्यक्ष असर पारेको उहाँले उल्लेख गर्नुभएको छ । साथै, स्वास्थ्य सेवा निरन्तरता सुनिश्चित गर्न आवश्यक मानवीय सहायता, प्राविधिक सहयोग तथा उपकरण मर्मतका लागि आवश्यक सामग्री उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदायसँग विनम्रतापूर्वक आग्रह गरिएको छ । रासस



# मध्यपूर्व तनावका कारण सन् २०२६ मा विश्व आर्थिक वृद्धि सुस्त हुने: संयुक्त राष्ट्रसंघ



रासस/एएफपी । मध्यपूर्वमा जारी संकटका कारण विश्व अर्थतन्त्र दबाबमा परेको छ । यसले आर्थिक वृद्धि सुस्त बनाएको, मुद्रास्फीति पुनः बढाएको तथा विश्व वित्तीय बजारमा अनिश्चितता बढाएको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

मंगलबार सार्वजनिक गरिएको 'विश्व आर्थिक अवस्था तथा सम्भावना २०२६ मध्य-वर्षीय अद्यावधिक' प्रतिवेदनअनुसार सन् २०२६ मा विश्व कुल गार्हस्थ उत्पादन वृद्धि दर २.५ प्रतिशत रहने अनुमान गरिएको छ । यो जनवरीमा गरिएको प्रक्षेपणभन्दा ०.२ प्रतिशत बिन्दुले कम हो। सन् २०२७ मा भने २.८ प्रतिशतको सामान्य सुधार हुने अपेक्षा गरिएको छ ।

प्रतिवेदनमा उल्लेख भएअनुसार मध्यपूर्व संकटको मुख्य असर ऊर्जा क्षेत्रमा परेको छ । आपूर्ति अवरोध, तेल तथा ग्यासको मूल्यवृद्धि, ढुवानी र बीमा खर्च बढ्दा विश्वव्यापी उत्पादन लागत बढेको छ । ऊर्जा कम्पनीहरूले भने यसबाट ठूलो लाभ उठाएका छन्, तर घरपरिवार र व्यवसायहरूमा लागतको चाप बढेको छ ।

खाद्य मूल्यवृद्धि पनि गम्भीर चिन्ताको विषय बनेको छ । मलको आपूर्तिमा अवरोध आउँदा कृषि उत्पादन घट्न सक्ने र त्यसले खाद्यान्न मूल्य अझ बढाउने चेतावनी प्रतिवेदनले दिएको छ ।

सन् २०२३ देखि घट्दो क्रममा रहेको विश्व मुद्रास्फीति अहिले पुनः बढ्ने संकेत देखिएको छ । विकसित देशहरूमा मुद्रास्फीति २०२५ को २.६ प्रतिशतबाट २०२६ मा २.९ प्रतिशत पुग्ने अनुमान गरिएको छ भने विकासशील देशहरूमा यो ४.२ प्रतिशतबाट ५.२ प्रतिशत पुग्न सक्ने उल्लेख छ ।

मजबुत श्रम बजार, उपभोक्ता माग तथा कृत्रिम बौद्धिकताबाट प्रेरित व्यापार र लगानीले केही राहत दिए पनि विश्व अर्थतन्त्रमा देखिएका चुनौती पूर्ण रूपमा समाधान गर्न पर्याप्त नहुने प्रतिवेदनले जनाएको छ । विशेषगरी इन्धन र खाद्यान्न आयातमा निर्भर विकासशील देशहरू बढी प्रभावित हुनेछन् ।

पश्चिम एशियामा सबैभन्दा गम्भीर असर देखिएको छ । त्यहाँको आर्थिक वृद्धि २०२५ को ३.६ प्रतिशतबाट घटेर २०२६ मा १.४ प्रतिशतमा झर्ने अनुमान गरिएको छ । यसको कारण ऊर्जा आपूर्ति संकट मात्र नभई पूर्वाधार क्षति, तेल उत्पादनमा अवरोध, व्यापार र पर्यटनमा आएको गिरावट पनि हुन् ।

संयुक्त राष्ट्रसंघका आर्थिक तथा सामाजिक मामिला विभागका प्रमुख तथा उपमहासचिव ली जुनह्वाले भन्नुभयो, "मध्यपूर्व संकटले विकासशील देशहरूमा थप आर्थिक दबाब सिर्जना गरेको छ। बढ्दो ऋण लागत र पूँजी बाहिरिने जोखिमले दिगो विकासका लागि आवश्यक स्रोत सीमित बनाउन सक्छ ।"

# अमेरिकाद्वारा स्कटल्याण्ड पराजित

काठमाण्डु । आइसिसी विश्वकप लिग २ अन्तर्गतको त्रिकोणात्मक शृङ्खलामा अमेरिकाले स्कटल्याण्डलाई पराजित गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा आज भएको खेलमा अमेरिकाले स्कटल्याण्डलाई ६ विकेटले पराजित गरेको हो ।



जितका लागि स्कटल्याण्डले दिएको १७० रनको लक्ष्य पछ्याएको अमेरिकाले २७.१ ओभरमा ४ विकेट गुमाएर लक्ष्य पूरा गर्यो ।

अमेरिकाका लागि ओपनर स्मित पटेल र शाहन जाहाँगिरले समान ३७/३७ रन बनाए । कप्तान साइतेजा मुक्कामल्लाले ३५ रन बनाए । मिलिन्द कुमार २४ रनमा अविजित रहँदा शुभम रन्जानेले ११ रन जोडे ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको स्कटल्यान्डले ४३ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै १६९ रनको योगफल बनाएको थियो ।

स्कटल्यान्डका लागि मार्क वाटले सर्वाधिक ६६ रनको योगदान दिए । उनले ८५ बलमा चार चौका र तीन छक्काको मद्दतमा ६६ रन बनाएका हुन् । त्यस्तै स्कटल्यान्डका अर्का खेलाडी ब्रान्डन म्याकमुलनले ३२ रन जोड्दा म्याथ्यु क्रसले २० रन बनाए । त्यस्तै जर्ज मुन्सेले १९ रन बनाए ।

बलिङतर्फ अमेरिकाका रुशिल उगारकर एक्लैले चार विकेट लिए भने सौरभ नेत्रावलकरले तीन विकेट झारे । त्यस्तै शुभम रञ्जनेले दुई विकेट लिँदा हरमित सिहले एक विकेट लिए ।

जितसँगै अमेरिका ३८ अङ्कका साथ शीर्ष स्थानमा उक्लेको छ । समान ३८ नै अङ्क रहेको स्कटल्याण्ड रन रेटका आधारमा दोस्रो स्थानमा छ । यस त्रिकोणात्मक शृङ्खलामा अब नेपालले शुक्रबार अमेरिकासँग खेल्नेछ । रासस

# रुस–चीन ग्यास वार्ता अलपत्र

रासस/एएफपी । रुस र चीनबीच बहुचर्चित 'पावर अफ साइबेरिया-२' प्राकृतिक ग्यास पाइपलाइन परियोजनामा केही प्राविधिक प्रगति भए पनि अन्तिम सम्झौतामा पुग्न नसकेको क्रेमलिनले जनाएको छ । राष्ट्रपति भ्लादिमिर पुटिन र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच बेइजिङमा भएको उच्चस्तरीय वार्तापछि पनि अर्बौं डलरको उक्त ऊर्जा परियोजना निष्कर्षविहीन बनेको हो ।



सन् २०२२ मा युक्रेनमाथि आक्रमणपछि पश्चिमी देशहरूको प्रतिबन्धका कारण आर्थिक रूपमा चीनमाथि निर्भरता बढाएको रुसले लामो समयदेखि यो ग्यास पाइपलाइन अघि बढाउन दबाब दिँदै आएको छ । तर चीनले भने परियोजनाप्रति सावधानीपूर्ण र सीमित रुचि मात्र देखाउँदै आएको विश्लेषण गरिएको छ ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभलाई उद्धृत गर्दै रुसी राज्य सञ्चारमाध्यमले जनाएअनुसार दुवै पक्षबीच पाइपलाइनको मार्ग र निर्माण प्रक्रियाबारे 'आधारभूत समझदारी' बनेको छ । यद्यपि स्पष्ट समयसीमा तय नभएको र केही प्राविधिक तथा व्यावसायिक विषयमा अझै छलफल बाँकी रहेको उहाँले बताउनुभएको छ ।

पुटिन-सी वार्तापछि सार्वजनिक गरिएको सम्झौताहरूको सूचीमा भने उक्त ग्यास पाइपलाइन परियोजनाको औपचारिक उल्लेख गरिएको छैन, जसले परियोजनाको तत्काल भविष्यबारे अनिश्चितता कायम रहेको सङ्केत गरेको छ । यो प्रस्तावित पाइपलाइनले वार्षिक करिब ५० अर्ब घनमिटर ग्यास चीनतर्फ आपूर्ति गर्ने लक्ष्य राखिएको छ । रुसका लागि रणनीतिक रूपमा महत्वपूर्ण मानिएको यो परियोजनाले युरोपतर्फ घटेको ऊर्जा निर्यातको विकल्प उपलब्ध गराउने अपेक्षा गरिएको छ ।

प्रस्तावित मार्गअनुसार पाइपलाइन उत्तरी साइबेरियाको यमाल प्रायद्वीपबाट सुरु भई मङ्गोलिया हुँदै चीनसम्म करिब दुई हजार ६०० किलोमिटर (एक हजार ६०० माइल) दूरी तय गर्नेछ ।

विश्लेषकहरूका अनुसार रुसले मध्यपूर्व सङ्कट र ऊर्जा बजारको अस्थिरतालाई अवसरका रूपमा प्रयोग गर्दै यो परियोजनामा प्रगति गराउने प्रयास गरेको हो । तर चीनले भने ऊर्जा स्रोत विविधीकरण र मूल्य-सुरक्षासम्बन्धी कारण देखाउँदै यसप्रति अपेक्षाकृत कम उत्साह देखाएको बताइएको छ । रासस

# शान्ति बोर्डको सुरक्षा परिषद्मा आग्रह

रासस/एएफपी । गाजामा अमेरिका-प्रायोजित युद्धविरामको अनुगमन गर्ने 'शान्ति बोर्ड' ले संयुक्त राष्ट्र सुरक्षा परिषद्लाई हमासलाई निशस्त्र बनाउन दबाब दिन आग्रह गर्ने तयारी गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा स्थापना गरिएको उक्त निकायले युद्धविरामको पूर्ण कार्यान्वयनका लागि हमासको सैन्य संरचना विघटन आवश्यक रहेको निष्कर्षसहित प्रतिवेदन प्रस्तुत गर्ने भएको हो ।

सुरक्षा परिषद्ले बिहीबार मध्यपूर्वको अवस्थाबारे छलफल गर्ने तयारी गरिरहँदा शान्ति बोर्डको प्रतिवेदन प्रमुख एजेन्डामध्ये एक बन्ने अपेक्षा गरिएको छ । गोप्य प्रतिवेदनमा हमासले हतियार त्याग्न अस्वीकार गर्नु, नियन्त्रण छोड्न नमान्नु र गाजामा नागरिक प्रशासनलाई सहज बनाउन नचाहनु वर्तमान गतिरोधको मुख्य कारण भएको उल्लेख गरिएको छ ।



युद्धविरामको पूर्ण कार्यान्वयनका लागि सबैभन्दा ठूलो अवरोध हमासले आफ्नो सशस्त्र संरचना विघटन गर्न अस्वीकार गर्नु रहेको प्रतिवेदनमा उल्लेख छ । यसले गाजामा वास्तविक नागरिक सङ्क्रमण र पुनर्निर्माण प्रक्रिया अघि बढ्न नसकेको पनि दाबी गरिएको छ । हमासले भने उक्त प्रतिवेदनलाई अस्वीकार गर्दै यसमा 'गम्भीर त्रुटिहरू' रहेको प्रतिक्रिया दिएको छ । समूहका अनुसार प्रतिवेदनले युद्धविराम उल्लङ्घनको जिम्मेवारी इजरायलतर्फबाट हटाउने प्रयास गरेको छ ।

प्रतिवेदनको प्रामाणिकता एक कूटनीतिज्ञले पुष्टि गरेको भए पनि दस्तावेज सार्वजनिक रूपमा जारी गरिएको छैन ।

शान्ति बोर्डको स्थापना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको २० बुँदे युद्धविराम योजनाअन्तर्गत गरिएको हो । उक्त योजनाले हमासलाई हतियार समर्पण गर्न र सुरुङ संरचना ध्वस्त पार्न आग्रह गर्छ भने इजरायली सेना फिर्ता, अन्तरिम प्राविधिक प्यालेस्टिनी प्रशासन, अन्तर्राष्ट्रिय सुरक्षा बल तैनाथी र युद्धपछि गाजाको पुनर्निर्माणको परिकल्पना गर्दछ । शान्ति बोर्डका प्रमुख पूर्व संयुक्त राष्ट्र मध्यपूर्व दूत निकोले म्लादेनोभले युद्धविराम कार्यान्वयन सुरु भएदेखि नै प्रगति अवरुद्ध भएको स्वीकार गर्नुभएको छ । उहाँका अनुसार हमासको निःशस्त्रीकरणबारेको विवादले सम्पूर्ण प्रक्रियालाई ठप्प पारेको छ ।

प्रतिवेदनमा 'हतियार त्याग नगरिएको अवस्थामा पुनर्निर्माण सम्भव छैन' र शान्ति योजनाका सबै पक्षहरू कार्यान्वयन गर्न हमास तथा अन्य सशस्त्र समूहहरूको पूर्ण विघटन अपरिहार्य छ भनिएको छ ।

सुरक्षा परिषद्ले गत नोभेम्बरमा शान्ति बोर्डको गठनलाई अनुमोदन गरेको थियो । गाजामा हतियार नियन्त्रणको अन्त्य केवल आवश्यक मात्र नभई पुनर्निर्माण, इजरायली सेना फिर्ता र प्यालेस्टिनी आत्मनिर्णयका लागि आधारसमेत हो भन्दै प्रतिवेदनले सुरक्षा परिषद्लाई सार्वजनिक रूपमा निरन्तर र स्पष्ट रूपमा यो कुरा दोहोर्‍याउन आग्रह गरेको छ ।

हमासले भने प्रतिवेदनले युद्धविरामलाई असफल बनाउने प्रयास गरेको आरोप लगाएको छ । समूहका अनुसार इजरायलले क्रसिङ बन्द, सामग्री आपूर्ति अवरोध र नागरिक पूर्वाधार पुनर्निर्माणमा अवरोध जस्ता दायित्व पूरा नगरेको विषयलाई प्रतिवेदनले बेवास्ता गरेको छ ।

गाजामा युद्धविराम लागू भएयता दैनिकजसो उल्लङ्घन भइरहेको प्रतिवेदनमा उल्लेख छ । यस क्रममा नागरिक मृत्यु, विस्थापन र मानवीय सहायता अवरोधका घटनाहरू देखिएको बताइएको छ ।

इजरायली सेनाले युद्धविरामकै बीचमा पनि हवाई आक्रमण र सैन्य गतिविधि जारी राखेको तथा केही क्षेत्रमा नियन्त्रण विस्तार गरेको प्रतिवेदनले उल्लेख गरेको छ । गाजामा करिब २० लाख जनसंख्या आधारभूत सेवा अभावका कारण अस्थायी शिविरमा बस्न बाध्य रहेको जनाइएको छ ।

म्लादेनोभले हालसम्म दुवै पक्षबाट हुने उल्लङ्घन दैनिक रूपमा सम्बोधन भइरहेको बताउँदै आउनुभएको छ ।

# झाडी फाडेर व्यावसायिक अकबरे खुर्सानीखेती :१० लाख आम्दानी गर्ने लक्ष्य



वालिङ । यहाँका दुई युवाले बाँझो रहेको जमिनको सदुपयोग गर्दै व्यावसायिक रूपमा अकबरे खुर्सानीखेती सुरु गर्नुभएका छन्।स्याङ्जाकोभिरकोटनगरपालिका-९ सिर्कोट पिपलडाँडामा झन्डै ३० रोपनी क्षेत्रफलमा व्यावसायिक खुर्सानीखेती थालिएको हो।

एकपटक लगाएपछि केही वर्षसम्म उत्पादन तथा आम्दानी लिन पाइने, बजार मूल्य राम्रो रहेको र बजारीकरणमा समस्या नभएकाले अकबरे खुर्सानीखेतीमा युवको आकर्षण बढेको हो। तीन-चार वर्षअघिदेखि थोरै मात्रामा खुर्सानीखेती गर्दै आएकामा उत्पादन राम्रो भएपछि व्यावसायिक रूपमा अगाडि बढेको किसान तनबहादुर गुरुङले बताउनुभयो।

वैदेशिक रोजगारीमा आठ वर्ष बिताउनुभएकागुरुङलेआफ्नैगाउँठाउँमा केही गर्नुपर्छ भन्ने लागेर स्वदेश फर्किएसँगै खुर्सानीखेती थाल्नुभएको हो। "विदेशमा बगाउने पसिना आफ्नै माटोमा बगाउन सकियो भने राम्रो हुने ठानेर स्वदेशमै खुर्सानीखेती गर्ने निधो गरेँ", उहाँले भन्नुभयो, "जङ्गलैजङ्गल, बाँझो अनि पातीको झाडी फाडेर खुर्सानी लगाएका छौँ।" अहिलेसम्म झन्डै १० हजार बिरुवा लगाइसक्नुभएका गुरुङले यस वर्ष २० हजार बिरुवा खुर्सानी लगाउनका लागि जमिनको तयारी गर्नुभएको छ। आफ्नै २० रोपनीका अलावा थप १० रोपनी जमिन भाडामा लिनुभएको छ।

"गाउँबाट बसाइँ सरेर बजार जाने प्रवृत्तिकै कारण गाउँका घरहरू रित्तिँदै गए जग्गा जमिन बाँझिन थाले", उहाँले भन्नुभयो, "बाँझिएको जमिनको सदुपयोग गर्दै आम्दानीसित जोडिँदै गाउँमै बसेर पनि केही गर्न सकिन्छ है भन्ने उदाहरण खुर्सानीले दिनेमा म विश्वस्त छु।" गाउँघरमा प्रतिमाना रु १०० र प्रतिकेजी रु ३५० का दरले बिक्री गर्न सकिने व्यावसायी कुमार गुरुङले बताउनुभयो।

खुर्सानीको माग अत्यधिक रहेकाले खुर्सानी बिक्रीबाट यस वर्ष करिब १० लाख आम्दानी गर्ने लक्ष्य उहाँको छ। खुर्सानी लगाउनका लागि जग्गा जमिन सम्याउने, बिरुवा लगाउने कार्यका लागि हाल आठ जनाले रोजगारी पाउनुभएको छ। अन्य बाली लगाउँदा बाँदरलगायत जङ्गली जनावरले नष्ट गरिदिने भएकाले खुर्सानीलाई विकल्पका रूपमा अगाडि सारिएको हो।रासस

# परीक्षणसम्बन्धी नयाँ नियमले चिया निर्यात ठप्प



झापा। भारतीय चिया विकास निगमले चिया आयातमा ट्रकैपिच्छे प्रयोगशाला परीक्षण (ल्याब टेस्ट) अनिवार्य गर्ने नयाँ नियम लागू गरेपछि विगत दुई सातादेखि नेपाली चियाको निर्यात पूर्णरूपमा ठप्प भएको छ।

भारतको यो नीतिगत कडाइका कारण वार्षिक रु पाँचदेखि छ अर्ब वैदेशिक मुद्रा आर्जन गर्ने नेपालको चिया उद्योग ठूलो सङ्कटमा परेको व्यवसायीहरूले बताएका छन्।

नेपाल चिया उत्पादक सङ्घका अध्यक्ष आदित्य पराजुलीका अनुसार भारतले गत वैशाख १८ गतेदेखि लागू हुने गरी नयाँ 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिडर (एसओपी)' जारी गरेको हो। नयाँ प्रावधानले नेपाली निर्यातकर्ताका लागि प्रशासनिक र आर्थिक झञ्झट थपेको छ।

"चिया निर्यातको यो मुख्य याम हो। अहिले करिब पाँच लाख किलोग्राम चिया निर्यातका लागि तयारी अवस्थामा छ", अध्यक्ष पराजुलीले भन्नुभयो, "तर भारतीय पक्षको नयाँ र कडा प्रावधानका कारण कुनै पनि व्यवसायीले चिया भारततर्फ लैजाने आँट गर्न सकेका छैनन्। दुई सातादेखि एक पोका चिया पनि निर्यात हुन सकेको छैन।"

यसअघि नेपाली चिया निर्यातका लागि एउटा उद्योगले एकपटक प्रयोगशाला परीक्षण उत्तीर्ण गरेपछि सोही प्रमाणपत्रका आधारमा १५ दिनसम्म १० ट्रक चिया सहजै भारत पठाउन सक्ने व्यवस्था थियो। तर, नयाँ नियमअनुसार काँकडभिट्टा नाकाबाट भारतीय सीमावर्ती पानीट्ङ्की भन्सार प्रवेश गर्ने वित्तिकै प्रत्येक ट्रकको चियाको नमुना अनिवार्य रूपमा भारत सरकारको मान्यता प्राप्त प्रयोगशालामा पठाउनुपर्ने भएको छ।

प्रतिट्रक नमूना परीक्षणका लागि रु १८ हजार शुल्क तिर्नुपर्नेछ भने त्यसको प्रतिवेदन आउन कम्तीमा १४ दिन लाग्ने बताइएको छ। भारतीय प्रयोगशालाले १४ दिनभित्र अनलाइन प्रणालीमा रिपोर्ट प्रविष्ट गर्ने र यदि परीक्षण असफल भएमा उक्त चियालाई भारतीय बजारमा बेच्न वा अन्य देशमा पठाउनसमेत नदिई जफत गरिने कडा प्रावधान राखिएको छ।

"एकातर्फ हरेक ट्रकको नमूना परीक्षणका लागि महँगो शुल्क र समय लाग्ने नियम बनाउनु निर्यातमा पूर्ण अवरोध सिर्जना गर्ने नियत हो", पराजुलीले थप्नुभयो, "अर्कातर्फ रिपोर्ट प्रतिकूल आएमा चिया नै जफत गर्ने प्रावधान छ। यो नियम संशोधन नभए नेपाली चियाको भारत निर्यातको ढोका सधैँका लागि बन्द हुनेछ।"

नेपाली चियाको मुख्य बजार भारत नै रहँदै आएको छ। प्रयोगशालाको प्रतिवेदन नआउञ्जेल १० देखि १४ दिनसम्म लोड भएका ट्रकहरू सुरक्षित रूपमा रोकेर राख्ने पर्याप्त पार्किङ स्थल र पूर्वाधार पानीट्ङ्की भन्सारमा समेत नरहेको व्यवसायीहरूको गुनासो छ।

चिया क्षेत्रमा देखिएको यो गैरभन्सार अवरोध हटाउन नेपाल सरकारले भारतीय पक्षसँग अबिलम्ब 'जिटुजी' संवाद थाल्नुपर्ने नेपाल चिया उत्पादक सङ्घको माग छ। यसका लागि पहल भइरहेको सङ्घले जनाएको छ।

नेपालमा उत्पादित सिटिसी र अर्थोडक्स चिया विश्व बजारमा गुणस्तरका लागि लोकप्रिय मानिन्छन्। तर, प्रमुख बजार भारतमै नीतिगत अवरोध सिर्जना हुँदा किसानदेखि ठूला उद्योगीसम्म र यसमा आश्रित लाखौँ श्रमिकको जीविकोपार्जन सङ्कटमा परेको छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/८२ मा मुलुकको २० हजार ६०२ हेक्टर भूभागमा रहेको चिया बगानबाट रु दुई करोड ६१ लाख २३ हजार १११ किलोग्राम तयारी चिया उत्पादन भएको थियो। आव २०८१/८२ मा नेपालबाट रु चार अर्ब ५९ करोड आठ लाख ५६ हजार मूल्य बराबरको चिया निर्यात भएको थियो।

मुलुकभर १७० वटा ठूला चिया बगान र १२० वटा साना तथा मझौला चिया बगान छन्। चिया उत्पादनमा १५ हजारभन्दा बढी साना किसान प्रत्यक्ष सहभागी छन्। एक लाख श्रमिकले बगानदेखि उद्योगसम्म प्रत्यक्ष रोजगारी पाउँदै आएका छन्। रासस

# त्रियुगाको स्प्रिङ मिनरल उद्योगमा प्रशासनले गऱ्यो सिल




उदयपुर। उदयपुरको त्रियुगा नगरपालिका-३ मोतिगडामा रहेको स्प्रिङ मिनरल उद्योगमा प्रशासनले सिल गरेको छ।

मङ्गलबार खाद्य तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालय उदयपुर गाईघाटसहित जिल्ला प्रशासन कार्यालयको टोलीले अनुगमन गर्ने क्रममा उक्त उद्योगमा मापदण्डविपरीत पानी फिल्टरिङ गरेर उपभोक्ताको स्वास्थ्य असरपार्ने कार्य भएको भेटिएकाले सिल गरिएको प्रशासनले जनाएको छ।


खाद्य तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालयका प्रमुख निराजन मगरका अनुसार उपभोक्ताको पटकपटकको गुनासोपछि टोलीले उक्त उद्योगमा अनुगमन गर्दा मादण्डविपरीत पानी उत्पादन गरिरहेको पाइएकाले तत्काल सिल गरिएको छ।

यसभन्दाअघि उक्त उद्योगमा मादण्डविपरीत काम गरेको पाइएकाले सामान्य दण्ड जरिवाना गरिएको तर पटकपटक निर्देशन दिँदा अटेरी गरेर उपभोक्ताको स्वास्थ्यमा हानि हुने काम गरेको पाइएका कारण यसपटक भने उद्योगलाई सिल गरिएको खाद्य तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालयले जनाएको छ।

उदयपुरका सहायक प्रमुख जिल्ला अधिकारी विक्रम पाण्डेले पटकपटक सचेत गराउँदा पनि अटेरी गरेर मादण्डविपरीत काम गरेका कारण अहिले बाध्य भएर उद्योग सिल गरिएको पाण्डेले बताउनुभयो।

यस्तै, सो मिनरल उद्योगबाट उत्पादन गरेर बजार क्षेत्रमा विस्तार गरिएका 'मिनरल वाटर' सबै बिक्रीमा रोक लगाइएको प्रशासनले बताएको छ। रासस

# बिम गाउँमा पक्की पदमार्ग



म्याग्दी। यहाँको मालिका गाउँपालिका-७ बिमको तल्लो र डाँडागाउँको पदमार्गलाई पक्की बनाइएको छ। गाउँको सौन्दर्यकरणका लागि बस्तीभित्रको कच्ची पैदलमार्गलाई ढलान गरेर पक्की बनाइएको हो। डाँडागाउँकी मङ्गली पुनले पक्की पदमार्ग निर्माण भएपछि हिलो र धुलोको समस्या हट्नुका साथै गाउँ सफासुग्घर भएको बताउनुभयो।

"उकालो, ओरालोमा हिँडडुल गर्दा चिप्लिएर लड्ने, भारी बोकेर हिँड्न गाह्रो भएको थियो, पक्की पदमार्गले गाउँलाई सफा र स्थानीयवासीलाई सहज बनाएको छ", उहाँले भन्नुभयो। बर्खामा झाडीमा भिज्दै हिँड्नुपर्ने समस्या हटेको र सर्पले टोक्ने जोखिम घटेको पुनले बताउनुभयो।

पदमार्ग बनेपछि बिम र डाँडागाउँमा २०० भन्दा बढी घरपरिवार लाभान्वित भएका छन्। बालबालिका र ज्येष्ठ नागरिकलाई आवतजावत र हिँडडुल गर्न सहज भएको छ। गण्डकी प्रदेश सरकारको सहयोगमा आर्थिक वर्ष २०८०/८१ देखि सुरु भएको पदमार्ग निर्माणकार्यलाई चालु आर्थिक वर्षमा पूर्णता दिइएको हो।

पहिलो वर्ष पूर्वाधार विकास कार्यालयमार्फत विनियोजन भएको रु ३० लाख बजेटबाट बिम तल्लोगाउँमा ४२५ र डाँडागाउँमा २५० मिटर पदमार्ग निर्माण भएको थियो। आव २०८१/८२ मा रु १० लाख बजेटबाट तल्लो गाउँमा २९० मिटर नाली र त्यसमाथि पक्की पदमार्ग बनाइएको एकीकृत सेवा कार्यालयका इन्जिनियर सुमन बोगटीले बताउनुभयो।

उहाँका अनुसार चालु आवमा एकीकृत सेवा कार्यालयमार्फत विनियोजन भएको रु १० लाख बजेटबाट डाँडागाउँमा ५५० मिटर पदमार्ग निर्माण भएको छ। तेर्सोमा ढुङ्गा बिछ्याएर र उकालोमा सिँढी चिनेर ढलान गरिएको छ। एक दशमलव १० देखि एक दशमलव २० मिटर फराकिलो पदमार्ग निर्माण भएको छ। रासस

## एसियाली राजमार्ग :
# 'आर्क' प्रविधिका पुल निर्माण

झापा। एसियाली राजमार्ग (एसियन हाइवे)अन्तर्गत काँकरभिट्टा-लौकही सडक योजना (पश्चिम खण्ड)मा पर्ने तीनवटा पुलको निर्माण द्रुतगतिमा अघि बढेको छ।

आयोजनाका प्रमुख जगत प्रजापतिका अनुसार योजनाको पाँचौँ प्याकेजअन्तर्गत झापाको रतुवासहित मोरङको लोहन्द्रा र बक्राहा नदीमा आधुनिक 'आर्क' प्रविधिका पुल निर्माण भइरहेका छन्। हालसम्म पुल निर्माणतर्फ ४० प्रतिशत भौतिक प्रगति हासिल भएको उहाँले बताउनुभयो।

सम्झौताअनुसार आगामी २०८३ माघ १ गतेभित्र पुल निर्माणको काम सम्पन्न गरिसक्नुपर्ने म्याद छ। राजमार्गको सडक विस्तारको काम केही सुस्त देखिए पनि पुलको काम भने निरन्तर चलिरहेको छ।

झापाको काँकरभिट्टादेखि सुनसरीको लौकहीसम्मको कुल ९५ किलोमिटर सडकखण्डलाई विभिन्न प्याकेजमा वर्गीकरण गरिएको छ। यसमध्ये झापाको सीतापुरीदेखि पश्चिम खण्डमा पर्ने २० पुलमध्ये यी तीनवटा सबैभन्दा ठूला हुन्।रासस

# चितवनमा दूध बिक्री सहज, भुक्तानीमा समस्या



नारायणगढ। दूध उत्पादन गर्दै आएका यहाँका किसानले समयमै भुक्तानी नपाउँदा समस्या भोग्दै आएका छन्। चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले दुग्ध विकास संस्थान (डिडिसी) सँग पुस १६ गतेदेखि भुक्तानी बाँकी रहेको जानकारी दिनुभयो।

उहाँका अनुसार केही ठूला उद्योगीबाट तीन महिनादेखि भुक्तानी हुन बाँकी छ। केही उद्योगीले भने समयमा नै भुक्तानी गर्दै आएका छन्। अहिलेको अवस्थामा डिडिसीमा केही सुधार देखिएको भन्दै उहाँले बाँकी रकम समयमै भुक्तानी हुनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "डिडिसी केही सुधार हुने सम्भावना देखिएको छ। पहिलेभन्दा भुक्तानी पनि अलि छिटो आएको छ। तथापि चारदेखि साढे चार महिनासम्म भुक्तानी बाँकी रहनु, रकम जति भए पनि, राम्रो पक्ष होइन।" उहाँले सरकारले किसानको भुक्तानी छिटो गरिदियोस् भन्ने आग्रह रहेको बताउनुभयो।

अध्यक्ष बगालेले डिडिसी र अन्य उद्योगीसँग गरेर करिब रु ५५ करोड भुक्तानी बाँकी रहेको बताउनुभयो। किसानले लामो समयसम्म रकम नपाउँदा दैनिक जीवन सञ्चालनमै समस्या हुने गरेको उहाँको भनाइ छ। डिडिसीसँगै अन्य उद्योगीलेले अब छिट्टै भुक्तानी गरेर किसानलाई राहत मिल्ने अपेक्षा गरिएको उहाँले बताउनुभयो।

सङ्घले सञ्चालन गरेको जिल्लाका विभिन्न मार्टमा आफ्नै उत्पादनका दुग्धजन्य वस्तु उपलब्ध हुँदै आएका छन्। दूध, दही, पनिर, चिज, मोही, नौनी र घ्युजस्ता वस्तु बिक्री हुँदै आएका छन्। सङ्घले आफ्नो उत्पादनलाई बजारीकरण गर्न रत्ननगरस्थित आफ्नै उद्योगमार्फत दुग्धजन्य वस्तु उत्पादन तथा बिक्री वितरण गर्दै आएको छ।

जिल्लामा दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ। यहाँका ११५ वटा दुग्ध उत्पादन सहकारीमार्फत ४० हजार किसानले उत्पादन गरेको दूध बिक्री हुँदै आएको छ।

### भरतपुर महानगरद्वारा 'काउ लिंट' मेसिन वितरण

भरतपुर महानगरपालिकाको पशुपन्छी विकास शाखाले आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रमअन्तर्गत चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घको अनुरोधमा बसेर उठ्न नसक्ने गाईलाई सुरक्षित रूपमा उठाउन प्रयोग गरिने उपकरण (काउ लिफ्ट) हस्तान्तरण गरेको छ।

प्रतिगोटा रु ६४ हजार मूल्यपर्ने उक्त मेसिन ५० प्रतिशत अनुदानमा वितरण गरिएको हो। रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/०७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८३/०२/१३ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा | २०८३/०२/१८ गते, सोमबार दिनको ३ बजे |

**क्र.सं.** **शाखा कार्यालय : जनकपुर, धनुषा**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : गुरु ड्रिकिङ्ग वाटर**
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योगको कार्यालय, धनुषा, जनकपुरधाम प्रा.फ.द.प्र.प.नं. ८३१८/४२/०७२/०७३, दर्ता मिति : २०७२/०४/३१, पान नं. ६०८१४५२४०, दर्ता मिति : २०७५/०४/२०
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४, **प्रोप्राईटर : बिक्रम मण्डल**

**जमानतकर्ताको विवरण**

| १. नाम : बिक्रम मण्डल | २. नाम : अनरीया देवी मण्डल |
|---|---|
| ना.प्र.नं. ३९६९२५५५, जि.प्र.का. धनुषा | ना.प्र.नं. १७/४४४९००१४, जि.प्र.का. धनुषा |
| जारी मिति : २०५०/०९/२६ | जारी मिति : २०४३/०९/०१ |
| बाबुको नाम : रामदेव मण्डल | पतिको नाम : रामदेव मण्डल |
| बाजेको नाम : कारी मण्डल | ससुराको नाम : कारी मण्डल |
| ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६ | ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६ |

**३. नाम : लक्ष्मी देवी**
ना.प्र.नं. ३९६९६७०८, जि.प्र.का. धनुषा, जारी मिति : २०६१/०१/१८
पतिको नाम : विक्रम मण्डल, ससुराको नाम : रामदेव मण्डल
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६

**धितोको विवरण**

१. अनरीया देवी मण्डलको नाममा मालपोत कार्यालय जनकपुधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर वडा नं. १६ स्थित कि.नं. १२२, ५३, ५०, ३२ र ३६ को क्षेत्रफल क्रमशः १०२.६०, ५४९.८२, ६९१.९८, ५५१.१५ र १८१.५१ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. बिक्रम मण्डलको नाममा मालपोत कार्यालय जनकपुधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर वडा नं. १६ स्थित कि.न. २ को क्षेत्रफल ६८६.३० व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।

**(सूचना प्रकाशित मितिः २०८३/०२/०७ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)।**

यस बैंकको शाखा कार्यालय मलंगवाका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/११/२० गते मंगलबारको लोकतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले मिति २०८२/०५/१६ गते सोमबारको लोकतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीको लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट पूनः लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरि लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय मलंगवा, सर्लाही**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०२/१४ गते बिहिबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको **शाखा कार्यालय मलंगवा, सर्लाही**मा दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो स्वरुप रहेका तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणीः** नेपाल सरकार, उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७१/०३/०४ मा दर्ता भई प्रा.फ.र.नं. ३११९/०७०/०७१ कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय मलंगवा सर्लाहीबाट मिति २०७१/०३/०९ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०२१९९८७६ को प्रमाणपत्र प्राप्त **कृष्ण कोल्ड स्टोर्स।**
फर्मको ठेगानाः हाल जिल्ला सर्लाही वरहथवा न.पा. वडा नं. ११ (साविक जिल्ला सर्लाही लौकट गा वि स वडा नं ८)।

| **प्रोप्राइटर तथा जमानतकर्ताः** रमेश कुमार रौनियार (ना.प्र.नं. १९३०७७/८८, जारी मिति २०६३/१२/१२, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगानाः सर्लाही जिल्ला वरहथवा न.पा. वडा नं. ११ (साविक लौकट गा.वि.स.वडा नं. ७), बाबुः शिव शंकर साह। बाजेः मिठू साह। | **जमानतकर्ताः** किरण कुमारी (ना.प्र.नं.१९३०७९/३४९५, जारी मिति २०६३।१२।३०, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगानाः सर्लाही जिल्ला वरहथवा न.पा. वडा नं. ११। बाबुः जुरी साह रौनियार। पतिः रमेश कुमार रौनियार। ससुराः शिव शंकर साह। |
|---|---|

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण**

१. रमेश कुमार रौनियारको नाममा मालपोत कार्यालय सर्लाही बरहथवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला धनगढा गा.वि.स. वडा नं.८, नक्सा सिट नं. ८ग, स्थित कित्ता नं. ५०८, क्षेत्रफल ०-२-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..... १

**पुनश्चः**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय, मलंगवा सर्लाही**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, मलंगवा सर्लाही**मा सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

# करीब ३ अर्बको भएन लेखापरीक्षण

**टुडे समाचारदाता**

जनकपुरधाम । गत वर्ष भएको जेनजी आन्दोलनको क्रममा मधेश प्रदेश प्रदेशका विभिन्न मन्त्रालय र कार्यालयमा भएको तोडफोड र आगजनीले कागजात जलेर नष्ट हुँदा करीब ३ अर्ब बराबर आर्थिक कारोबारको लेखापरीक्षण हुन नसकेको छैन ।



महालेखापरीक्षक कार्यालयका नायब महालेखा परीक्षक तारा प्रसाद पाण्डेले मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णलाई हस्तान्तरण गरेको आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न भएका लेखापरीक्षण तथा आर्थिक अनुगमनसम्बन्धी समेटिएको विवरणमा यस्तो कुरा भनिएको छ। प्रतिवेदनमा जेनजी आन्दोलनका २ अर्ब करोड ७१ लाख १७ हजार रुपैयाँ बराबरको कारोबार परीक्षण हुन नसकेको उल्लेख छ।

प्रतिवेदनमा भनिएको छ ' प्रदेश सरकारका ९ मन्त्रालय र मातहत कार्यालयले २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन र घटनाको कारण श्रेस्ता पेश गर्न र लेखापरीक्षण गराउन कागजागत पेश गर्न नसकिएकाले लेखापरीक्षण गर्न सकिएको छैन।

प्रतिवेदनमा जनाइए अनुसार प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्रालयले ७८ करोड २७ लाख ३३ हजार, प्रदेश सभाले ३८ करोड २१ लख ८० हजार, मुख्यमन्त्री कार्यालयले ५९ करोड १३ लाख ९५ हजार, वन तथा वातावरण मन्त्रायलले २७ करोड १६ लाख ९५ हजार र श्रम तथा यातायात मन्त्रालयले ७६ करोड १३ लाख ६० हजार रुपैया बराबरको लेखापरीक्षण हुन सकेको छैन।

मधेश प्रदेश सरकारले कूल बजेट मध्ये आफू मातहतका १३४ सरकारी कार्यालयको ४५ अर्ब ७० करोड, ७४ लाख ७१ हजार र समिति तथा अन्य १६ संस्थाको ३ अर्ब ९८ करोड ६४ लाख ७२ गरी कूल ४९ अर्ब ६९ करोड ३९ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न गराएको छ । प्रदेश सरकारको लागि सशर्त अनुदानतर्फ दुई अर्ब २ करोड ६४ लाख २१ हजार प्राप्त भएकोमा खर्च हुन नसकी ४ करोड ७० लाख ६५ हजार बचत भई संघीय सरकारलाई फिर्ता भएको छ।


महालेखापरीक्षककार्यालयले प्रदेश सरकारको वित्तीय व्यवस्थापनमा समेत कमजोरी औँल्याएको छ । प्रतिवेदनमा खर्चको तुलनामा अभिलेख व्यवस्थापन कमजोर रहेको, कतिपय कार्यालयले बैंक मिलान विवरण नियमित नराखेको तथा बेरुजु नियन्त्रण प्रभावकारी हुन नसकेको उल्लेख गरिएको छ।

प्रदेश सरकारको कुल बेरुजु रकम १ अर्ब ८७ करोड ३३ लाख ६१ हजार रुपैयाँ पुगेको जनाइएको छ । यो रकम कुल खर्चको ३.७७ प्रतिशत बराबर रहेको प्रतिवेदनले देखाएको छ । असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने तथा प्रमाण कागजात पेश गर्नुपर्ने शीर्षकमा उल्लेख्य बेरुजु रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम तयार गरिएको उक्त प्रतिवेदनमा सरकारी निकायको आर्थिक अनुशासन, बजेट खर्चको अवस्था, राजस्व संकलन, सार्वजनिक वित्तीय व्यवस्थापन तथा लेखापरीक्षणसँग सम्बन्धित विविध पक्ष समेटिएको महालेखापरीक्षक कार्यालयले जनाएको छ।

महालेखापरीक्षकको कार्यालयले प्रदेश सरकारको वित्तीय व्यवस्थापनमा कमजोरी देखिएको निष्कर्ष निकालेको छ।


प्रतिवेदनमा खर्चको तुलनामा अभिलेख व्यवस्थापन कमजोर रहेको, कतिपय कार्यालयले बैंक मिलान विवरणसमेत नियमित नराखेको तथा बेरुजु नियन्त्रणमा प्रभावकारी काम नभएको उल्लेख गरिएको छ।









जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८